# अध्याय : एक (CHAPTER ONE)

## १. परिचय (Introduction)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

शिक्षा मानव सभ्यता र विकासको आधार हो । शिक्षा मानिसको नैर्सगिक अधिकार हो । शिक्षाको सुरूवात कोक्रोबाट सुरू भई चिहानमा गई अन्त्य हुन्छ । परापूर्व कालदेखि नै अग्रजहरूले आफूले जानेका ज्ञानका कुराहरू आ-आफ्नो सन्ततिलाई हस्तान्तरण गर्दै आएको पाइन्छ । शिक्षा नै देश विकासको मेरुदण्ड हो । जबसम्म देशका सम्पूर्ण नागरिक साक्षर, शिक्षित एवम् प्रशिक्षित हुदैनन् त्यसबेलासम्म समष्टिगत रुपमा देश विकास हुदैन । चेतनाको स्तरलाई माथि उठाएर आफ्नो विचार व्यक्त गर्न सक्ने बनाउन देशको गौरव बढाई राष्ट्रिय स्वतन्त्रता र अखण्डता जोगाउन शिक्षा र साक्षरता अपरिहार्य छ । वास्तवमा भन्ने हो भने शिक्षा रहर र बाध्यता होइन, यो आजको अनिवार्य आवश्यकता हो । यस तथ्यलाई हृदयङ्गम गरी हाम्रो देशमा पनि प्राचिनकालदेखि कुनै न कुनै रुपमा शिक्षा लिने दिने प्रचलन रहदै आएको छ । हाम्रो देशको शिक्षालाई नियाल्दा गुरुकुल, ऋषिकुल, देवकुल पितृकुल, राजकुलको माध्यमबाट चल्दै आजको यस रुपमा शिक्षा आइपुगेको छ, ( शर्मा, २०६२ ) ।

शिक्षाको विकास क्रमलाई हेर्दा गुरूकुल शिक्षा प्रणाली देखि विभिन्न प्रकारले विभाजन गरेको राष्ट्रिय शिक्षा संरचनामा कक्षा १-३ प्राथमिक तह, कक्षा ४-६ निम्न माध्यामाकि तह र कक्षा ८-१० सम्म माध्यामिक तह रहेको थिए । नेपाल शिक्षा विकासको क्रमलाई अध्ययन गर्दा २००७ सालमा नेपालमा ३२२ प्राथमिक विद्यालयहरू थिए । नेपालमा वि.सं. २०६५ को तथ्याङ्क अनुसार ३०,७२४ प्राथमिक विद्यालय रहेका छन् । जसमध्ये ४९ प्रतिशत छात्राहरू र ५१ प्रतिशत छात्रहरू छन् । २१औं शताब्दीसम्म आइपुग्दा पनि नेपालमा करिव १६ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट बन्चित रहेका छन् । प्राथमिक तहमा भर्ना भएका जम्मा विद्यार्थीहरूमध्ये करीव ३४ प्रतिशत बालबालिकाहरू यो तह पुरा नगरी विद्यालय छोड्ने गरेका छन् । विद्यालय छोड्नेहरूमा गरीव, विपन्न, उत्पीडित तथा जनजातिका बालबालिकाहरू पर्छन् । (शिक्षा विभाग, २०६४/६५)

सन् १९९० मा थाइल्याण्डको जोमटिन भन्ने शहरमा "सबैको लागि शिक्षा" भन्ने विश्व सम्मेलन भयो । केही समयपछि सेनेगलको राजधानी डकारमा सन् २००० मा भएको विश्व शिक्षा मञ्चको बैठकले जोमटिन घोषणापत्रलाई समिक्षा गर्दै २०१५ सम्ममा सर्वशिक्षा अभियान स्वरूप सम्पूर्ण उमेरका बालबालिकालाई अनिवार्य रूपमा शिक्षा उपलब्ध गराउने प्रतिवद्धता जाहेर गरेको थियो ।

यसरी विश्व परिवेशमा सबै बालबालिकालाई शिक्षाको पहुँच पुऱ्याउने उद्देश्यले गठित विविध सम्मेलनहरूमा नेपालले पनि सहभागिता जनाइ प्राथमिक तहका सबै बालबालिकाहरूलाई शिक्षाको अवसर दिने प्रतिवद्धता जनाइसकेको छ । यस किसिमको प्रतिवद्धताका बावजुत पनि वर्तमान अवस्थामा नेपालको प्राथमिक तहमा खुद भर्नादर ९३।६५ प्रतिशत रहेको छ । जसमध्ये केटीहरूको भर्नादर ९२.६ प्रतिशत र केटाहरूको ९४.७ प्रतिशत रहेको छ । जसमध्ये प्राथमिक तहमा विद्यालय छोड्ने दर ६.५ प्रतिशत रहेको छ । जसमध्ये ६.३ प्रतिशत केटीहरू र ६.७ प्रतिशत केटाहरूको रहेको छ (शिक्षा विभाग, २०६६) ।

नेपालको सन्दर्भमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरूको वर्तमान अवस्था निम्न तालिकाबाट देखाउन सकिन्छ :

तालिका

| **कक्षा** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** | **कक्षा १-५** |
|---|---|---|---|---|---|---|
| कक्षोन्नतर दर | ७३.५० | ८५.०० | ८६.३० | ८७.५० | ८५.८ | ७९.१ |
| दोहोऱ्याउने दर | २६.५ | १०.६ | ९.१ | ८.६ | ८.७ | १४.४ |
| विद्यालय छोड्ने दर | ९.९ | ४.४ | ४.६ | ३.९ | ७.४ | ६.४ |

स्रोत : DoE 2009-10

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने सबैभन्दा बढी बिचैमा विद्यालय छोड्ने दर कक्षा १ मा ९.९ प्रतिशत रहेको छ । अन्य कक्षाहरूमा कक्षा १ भन्दा कम प्रतिशत रहेको देखिन्छ ।

प्राथमिक तहमा भर्ना भएका बालबालिकाहरूमध्ये कयौं बालबालिकाहरू सो तहको विचैमा विद्यालय छोड्ने गर्छन् । कमजोर आर्थिक अवस्था, शिक्षाप्रति चेतनाको अभाव र विविध सामाजिक समस्याका कारणले गर्दा बालबालिकाहरू विद्यालय छोड्न बाध्य छन् । यसरी प्राथमिक तहमा विद्यालय छोड्ने प्रवृत्ति एउटा समस्याको रूपमा खडा भएको छ । यो समस्या उत्पन्न हुनुमा भाषागत समस्या, बालमैत्री कक्षाको अभाव साथै शिक्षण सिकाईमा विद्यमान कमी कमजोरीलाई प्रमुख रूपमा मान्न सकिन्छ ।

बालबालिकाहरूले अध्ययन अवधिको बीचैमा कक्षा छाड्नमा विभिन्न कारणहरू देखिएका छन् । सबै शिक्षकहरूलाई तालिमको व्यवस्था गरिएको छैन । अभिभावक समुदायहरूलाई जनचेतना अभिवृद्धि गरिने खालको कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन हुन सकेका छैनन् । भवन, फर्निचर एवं कक्षाकोठाको अभावले बालबालिकाहरू धुलो  र हिलोमा बस्नुपर्ने अवस्था देखिएको छ । कतिपय स्थान विद्यालय नजिक छैनन् । जिल्ला शिक्षा कार्यालयबाट गरिने निरीक्षण अनुगमन प्रभावकारी हुन सकेको छैन । कक्षाकोठाभित्रका गतिविधि भन्दा कक्षा कोठाबाहिरका क्रियाकलापहरूलाई बढी जोड दिने गरेको देखिन्छ । सरोकारबालाहरूको विद्यालयप्रतिको चासो जति हुनुपर्दथ्यो, त्यति हुन सकेको देखिदैन । शैक्षिक सामग्रीको निर्माण र प्रयोग, सन्दर्भ सामग्री, शिक्षक निर्देशिका, पाठ्यक्रम, सिकाई उपलब्धि आदिको अध्ययन गरी पठनपाठन गर्ने प्रक्रियालाई प्रभावकारी बनाउन सकिएको देखिदैन । प्र.अ., शिक्षक तथा अन्य जानकारहरूसँग बसी विषयवस्तुको प्रस्तुती, पठनपाठनका नयाँ नौला तरिकाहरूको बारेमा छलफल गर्ने परिपाटी बसाल्न सकेको देखिँदैन । बालबालिकाहरूलाई मायालु वातावरण बनाई उनीहरूलाई सहजरुपमा आफै सिक्न सक्ने वातावरण बनाउन सकेको छैन (अधिकारी, २०६२) ।

विद्यार्थी स्वयमले समेत आफ्नो कारणले विद्यालय जान्छु भनी अन्य कुनै स्थानमा गएर विद्यालयको समय बिताई अभिभावकहरूलाई झुक्याएर एवम् पढाई कमजोर भएकाले सँधैका लागि कमजोर मनोवृत्ति बनाउनु आदि कारणले समेत विद्यार्थीहरू विद्यालय नजाने र बीचैमा कक्षा छाडने समेत गरेका छन्  (शिवाकोटी, २०६२) ।

यस स्रोत केन्द्र अन्तर्गतका केही विद्यालयहरूमा दलित बालबालिकाहरू र अन्य बालबालिकाहरूप्रति गरिने व्यवहार समान नहुनु यीनै यस्तै कारणहरूले सवै बालबालिकाहरूलाई विद्यालयसम्मको पहुँच, एवम् विद्यालयभित्रका बालबालिकाहरूलाई

कक्षा नछाड्ने वातावरण तयार गर्न र गुणस्तरीय शिक्षा दिन यो अध्ययनको प्रमुख आवश्यकता देखियो । समष्टिगत रुपमा यो अध्ययन समयको मागको रुपमा रहन पुगेको छ । प्रा.वि. तहमा सबै बालबालिकाहरूलाई विद्यालयमा प्रवेश गराउन सबैलाई अनिवार्य एवम् नि:शुल्क गुणस्तरीय शिक्षा उपलब्ध गराउने, सबैका लागि शिक्षा कार्यक्रमको मूल मर्म भएकोले यसको सार्थक प्रयोगको लागि बालबालिकाहरूको अध्ययन अवधिको बीचमा कक्षा छाड्ने कारणहरूको अध्ययन गरिएको हो ।

देशको सामाजिक, सांस्कृतिक, पृष्ठभूमिअनुरुप सबै गरिब, दलित, जनजाति, विपन्न वर्ग, पछौटेपनका पीडा भोगेका समुदाय वर्ग तह र तप्काको मानिसहरूसमेतलाई शिक्षाको मूल प्रवाहमा ल्याउन आजको आवश्यकता हो । वि.सं. २०६२–०६३ को जनआन्दोलनले देशमा गणतन्त्रात्मक व्यवस्थाको स्थापना गरेको छ । यस व्यवस्थाले विभिन्न जातजातिहरूको उत्थान गर्न, विपन्नता, गरिबी, पछौटेपनको अन्त्य गर्न, र विद्यालयका सरोकारवालाहरूले आवश्यकता र मर्म बुझी कार्य गर्नमा समेत महत्वपूर्ण फड्को मार्न सक्ने एवं यस सन्दर्भमा समेत सहयोग पुग्न सक्ने देखिएकाले झापा जिल्लाको पथरिया गा.वि.स.अन्तर्गतका बालबालिकाहरूको कक्षा छाड्ने कारणहरूको अध्ययन गरिएको हो । यस अध्ययनले बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न र निरन्तरता दिन सहयोग पुग्न सक्ने छ भन्ने आशा एवम् विश्वास छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

शिक्षा विकासको मेरूदण्ड हो तर शिक्षालाई हरेक व्यक्तिको पारिवारिक, आर्थिक तथा सामाजिक अवस्थाले प्रत्यक्ष तथा अप्रत्यक्ष असर पारिरहेको हुन्छ । हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा परिवारको आर्थिक, सामाजिक र पारिवारिक कारणले गर्दा बालबालिकाहरू प्राथमिक तहमा विद्यालय छोड्ने गर्दछन् । कतिपय बालबालिकाहरू विद्यालयमा भर्ना समेत नहुने परम्परा हावी हुँदै गएको स्थितिमा प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकाहरूका लागि नेपाल सरकार तथा विभिन्न निकायहरूले प्राथमिक शिक्षामा पहुँच वृद्धि गर्न विभिन्न समयमा विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरेको भए तापनि यो अवस्था यथावत छ ।

प्राथमिक तहमा सबै बालबालिकाहरू विद्यालय जान सकेका छैनन् भने गएका पनि सो तह पूरा गर्न नसकी बिचैमा विद्यालय छोड्न बाध्य छन् । प्राथमिक तहमा सरकारले बर्षेनी ठूलो रकम लगानी गरेको छ । शैक्षिक बजेटको ५५ प्रतिशत शैक्षिक प्राथमिक शिक्षामा लागु गरेपनि विद्यार्थीहरूको उपलब्धि स्तरमा भने खासै परिवर्तन हुन सकेको छैन । (भट्टराई, २०६६) न त यसले विद्यालय छोड्ने उच्च दरमा कमी ल्याउन सकेको छ । यस अध्ययनले “प्राथमिक तहमा विद्यालय छोड्ने कारण र उनीहरूको परिवारको आर्थिक अवस्था’ लाई मूख्य समस्याको रूपमा लिने छ । प्राथमिक तहमा भर्ना भएका विद्यार्थीहरू मध्ये ६.५ प्रतिशतले सो तह पुरा नगरी विचैमा विद्यालय छोड्ने गर्छन । (शिक्षा विभाग, २०६६)

यसमा छात्राहरूको अवस्था अझ चिन्ताजनक छ । झापा जिल्लाको वास्तविकतालार्य हेर्दा पनि यस्तै अवस्था देखिन्छ । प्राथमिक तहमा भर्ना भएका सबै विद्यार्थीहरूले आफ्नो पढाइलाई निरन्तरता दिन सकेका छैनन् । यसरी विद्यालयको प्राथमिक तह पुरा नगरी विचैमा विद्यालय छोड्नुमा उनीहरूको पारिवारिक, सामाजिक र आर्थिक पक्षको बढी प्रभाव देखिन्छ । त्यस कारण यस अध्ययनले विद्यार्थीहरूको आर्थिक, पारिवारिक र सामाजिक पक्षले शिक्षामा परेको प्रभावको खोजी गर्ने प्रयत्न गरेको छ ।

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको सामाजिक, पारिवारिक र आर्थिक पृष्ठभूमिको खोजी गर्नु हो । यस अध्ययनको विशिष्ट उद्देश्य यस प्रकार छन :

(१) प्राथमिक तहमा विचैमा विद्यालय छोडेको विवरण पत्ता लगाउनु ।

(२) प्राथमिक तहमा विद्यालय छोडेको बालबालिकाको आर्थिक पृष्ठभूमिको अध्ययन गर्नु ।

(३) विद्यालय छोड्नुको कारणहरूको विश्लेषण गर्नु ।

## १.४ अनुसन्धान प्रश्नहरु (Research Questions)

क) के कस्ता कारणले विद्यार्थीहरू विद्यालय छाडेका हुन् ?

ख) के विद्यार्थीको परिवारको आर्थिक अवस्था कस्तो रहेको छ ?

ग) के चेतनाको कमीले विद्यार्थीहरू विद्यालय छाडेका हुन् ?

घ) के बालबालिकाको बिचैमा विद्यालय छाड्ने स्थिति कस्तो छ ?

ङ) के प्राथमिक तह पूरा नगरी बिचैमा विद्यालय छाड्दा बालबालिकामा कुनै समस्या छैन ?

## १.५ अध्ययनको महत्त्व (Significance of the Study)

प्राथमिक तह औपचारिक शिक्षा प्राप्त गर्ने आधारभूत तह हो । प्राथमिक उमेर समूहका बालबालिकाले शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुनुपर्ने अवस्था विद्यमान छ । नेपाल सरकारले प्राथमिक शिक्षामा पहुँच वृद्धि गर्न विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रम गरेपनि समस्या यथावत रहेको छ । प्राथमिक विद्यालयमा सो उमेर समुहका सबै बालबालिकाहरू विद्यालय जान सकेका छैनन् भने गएका पनि सो तह पुरा नगरी विचैमा विद्यालय छोड्न बाध्य छन् ।

यसरी प्राथमिक तह पनि पूरा नगरी बिचैमा विद्यालय छाड्दा बालबालिकाको उन्नति प्रगतिमा रोकावट आउनुको साथै उनीहरूको प्रगतिमा आएको रोकावट सँगै समाज र राष्ट्रको भविष्य माथि पनि थपिएको हुन्छ । बालबालिकाको बिचैमा विद्यालय छाड्ने समस्याले बालबालिकाको उन्नति प्रगति माथि त प्रभाव पार्‍यो नै तर सर्व सुलभ र अनिवार्य प्राथमिक शिक्षा भने नारा नारा मानै सिमित रहन पुग्ने होकी भन्ने शंका उत्पन्न भएको लाग्छ । यसरी कलिलो उमेरका झर्‍यो माटो जस्ता बालबालिकालाई उनीहरूको प्रतिभालाई ख्यालनारी विद्यालयको पहुँचबाट बाहिरिनु पर्दा उनीहरूको गरिबी र अशिक्षाको परिणाम अझै बढ्न गई कुनै वर्ग समुदाय विशेषले उनीहरूलाई गलत ढङ्गले प्रयोग गर्न सक्दछन् । यसले गर्दा शिक्षाको उज्यालो घामबाट चम्किनु पर्ने बालबालिका भोलिका दिनमा खराम बाटोमा लागेर अन्धकारमा समल्लित पुग्छन् ।

प्राथमिक तहको जम्मा भर्ना भने कतिपयले पुरा गर्न सक्दैनन् । यस तहमा विद्यार्थीले विद्यालय छोड्नुमा बालबालिकाका के कस्ता समस्या छन् उक्त कुराको खोजी गर्न

यस अध्ययनले महत्त्वपूर्ण योगदान गर्नेछ । यसका साथै विद्यार्थी, शिक्षक, अभिभावकहरूलाई प्राथमिक तहमा बालबालिकाहरूले बिचैमा विद्यालय छोड्ने स्थिति र कारणहरूका बारेमा जानकारी दिदै शिक्षाविद्, योजनाकार तथा प्रशासकलाई यो क्षेत्रमा निर्णय लिन यो अध्ययन उपयोगी हुने छ । यसका साथै विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरूलाई भरपर्दो सूचना प्रदान गरी भविष्यमा उचित कदम चाल्न पनि यो अध्ययनले महत्त्वपूर्ण योगदान गर्नेछ । यसका अतिरित्त यस अध्ययनले विद्यालय, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभागलाई समेत योगदान पुऱ्याउनेछ ।

## १.६ अध्ययनका सीमाहरू (Limitations of the Study)

कुनैपनि अध्ययनका सीमाहरू हुने भएकाले यस अध्ययनलाई निम्न परिधिभित्र सीमित गरिने छ ।

(क) यस अध्ययनलाई झापा जिल्लाको पथरिया गा.वि.स.मा मात्र सीमित गरिने छ ।

(ख) यस अध्ययनलाई पथरिया गा.वि.स.का पाँच वटा विद्यालयको प्राथमिक तहको २०७० र ०७१ सालमा विद्यालय छोडेका बालबालिकामा मात्र सीमित गरिनेछ ।

(ग) यस अध्ययनमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिका, शिक्षक, अभिभावक, प्रधानाध्यापकलाई मात्रउत्तरदाताको रूपमा लिईने छ ।

(घ) यस अध्ययनमा तथ्याङ्क संकलन गर्न अन्तरवार्ता, प्रश्नावली र दस्तावेज अध्ययन जस्ता तथ्याङ्क संकलनका साधनलाई प्रयोग गरिनेछ ।

(ङ) यो अध्ययनले विद्यालय परिवर्तन गर्ने बालबालिकालाई विचैमा विद्यालय छोड्ने बालबालिकाको रूपमा मान्ने छैन् ।

(च) विद्यालय परिवर्तन गरेकामा सम्बन्धित विद्यालयबाट स्थान्तरण प्रमाणपत्र लिनेलाई मात्र यस अध्ययनमा समावेश गरिएको छ ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई ५ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा अध्ययन पृष्ठभूमि परिचय, अध्ययनको उद्देश्य, अध्ययन संगठन समावेश गरिएको छ । त्यस्तै गरी

अध्याय दुईमा सम्बन्धित साहित्यका पुनरावलोकन, सैद्धान्तिक साहित्यको पुनरावलोकन अध्याय तीनमा अनसुन्धान प₵ति राजिएको छ । यस अन्तर्गत अनुसन्धान ढाँचा ल्याई संकलन प्रकिया, नमुना छनोट प्रक्रिया र तथ्याङ विश्लेषण गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय व्याख्या र विश्लेषणलाई क्रमबद्ध  रुपमा राखिएको छ । अध्याय पाँचमा निष्कर्ष र सुझावहरू र अन्तमा सन्देश, ग्रन्थ, सुची राखिएको छ ।

## १.८ मुख्य शब्दवलीहरुको कार्यकारी परिभाषा (Operational Definition of the Key Term)

खर्च : वस्तु तथा सेवा खरीद गर्दा प्राप्त गरिने रकम,

आम्दानी : वस्तु तथा सेवा खरीद गर्दा प्राप्त गरिने रकम

नाफा : आम्दानी, खर्च बिचमो अन्तर

नमुना : कुल जनसङ्ख्याबाट अध्ययन क्षेत्रमा आफै गई गरिएको अवलोकन

परिवार : एउटै छानामुनी बसी एउटै खाना उपभोग गर्ने सदस्यहरू

# अध्याय : दुई (CHAPTER TWO)

## २ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Literature)

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Previous Study)

पूर्वकार्यको समिक्षाको यस यस परिच्छेदमा अनुशन्धान विषयसंग संवन्धित विभिन्न प्रकाशकिय लेख रचना तथा साहित्यको पूनरावलोकन गरिएको छ ।

मानव अधिकार मानिस भएका नाताले मानिसले प्राप्त गर्ने अधिकार हो । यस धर्तीमा मानिस भएका नाताले पहिलो पटक पाइला टेकेपश्चात सम्मानित रूपमा जिउनका लागि जे जस्ता कुरा आवश्यक पर्दछन ति सबै मानव अधिकार भित्र पर्दछन् । मानव भएर जन्मेपश्चात गाँस बास कपासको साथै उचित शिक्षा दिक्षा स्वास्थ्य रोजगारी प्राप्त गर्नुपनि मानव अधिकार भित्र पदर्छ । अनिवार्यरूपमा आधारभूत शिक्षा प्राप्त गर्नु पनि मानअधिकार भित्र पदर्छ शिक्षा प्राप्त गर्ने क्रममा कसैलाई पनि वर्ग , जाती , धम, भाषा, वर्ण आदिको आधारमा भेदभाव गरिनु हुँदैन ।

मानव अधिकारको विश्वव्यापी घोषाणा पत्रले पनि सबैले शिक्षा प्राप्त गर्नुपर्ने कुरामा जोड दिएको छ , साथै शिक्षा सम्बन्धी विभिन्न सम्मलेनहरू जोम्तेन सम्मेलन, डकार सम्मेलन , कराँची सम्मेलन आदिले पनि शिक्षाको विस्तारमा जोड दिएका छन् । यि सम्मेलनहरूले सबैको लाीग शिक्षा र अनिवार्य शिक्षा भन्ने कुरामा जोड दिएका छन् । शिक्षा प्राप्त गर्ने क्रममा जातजाती भाषा धर्म वर्ण आदिको आधारमा भेदभाव नगरी शिक्षा प्रदान गरेमा मात्रै शिक्षामा गरिएको लगानीले पनि उचित प्रतिफल दिन्छ ,अनि मात्रै सबैको लागि शिक्षा भन्ने विश्वव्यापी मान्यताले पनि प्रश्रय पाउँछ ।

कुनै पनि राष्ट्रमा सबैको लागि शिक्षा भन्ने मान्यता अनुरूप शिक्षा प्रदान गर्ने कदम चालिदा पनि सर्वप्रथम त सबैलाई शिक्षाको धारमा पुर्‍याउननै गाह्रो, त्यसपछि पनि विद्यालयमा छाड्ने समस्या प्रंमुख रूपमा रहेको पाइन्छ ।

**Horbinson and Myers** –1957 द्वारा युगाण्डामा गरिएको अध्ययन अनुसार प्राथमिक विद्यालयमा पहिलो वर्षभर्ना भएका विद्यार्थीहरू ८०,००० थिए । ति मध्ये मात्र २५००० विद्यर्थीहरू कक्षा ६ मा जान सफल भए । यो अवस्था अल्पविकसित देशकै प्रतिनिधित्व बनेको छ । यस्ते हुनुको प्रमुख कारण तालिम प्रांप्त शिक्षक नहनु, शिक्षण हुने अवस्था उपयुक्त नहुनु , विद्यार्थीको समय शक्ति र लगानीमा घर परिवारले निगरानी राख्न नसक्नु भनी उल्लेख गरिएको छ ।

शिक्षा मन्त्रालय ( १९९३) द्वारा गरिएको अध्ययन अनुसार नेपालमा प्राथमिक तहमा विचैमा विद्यालय छाड्ने स्थिती भयावह छ । झण्डै आधा जति बालबालिका कक्षा १मा भर्ना भइ कक्षा ५ मा पुग्न अगाडि नै विद्यालय छाड्छन् । यति वेला उनिहरूमा साधारण ज्ञान समेत प्राप्त भएको हुँदैन । पढेका जति पनि फेल भएर कक्षा दोहऱ्याइ रहेको अवस्थामा छन् । यसको प्रमुख कारणको रूपमा गरिबीलाई लिन सकिन्छ । गरिबीका कारण अभिभावकले विभिन्न वाहानामा वालवालिकालाई घरको काममा लगाउने तथा पेशा व्यवसायमा लगाउने गर्दछन् ।

राष्ट्रिय योजना आयोग (२०६४ - २०६७) ले उल्लेख गरेअनुसार प्राथमिक तहमा खुद भर्नाखदर ८७.४ पुगेको छ । प्राथमिक विद्यालयमा छात्र भन्दा छात्राको संख्या बढिरहेका तथ्यांकले देखाउँछ । जुन योजनको शुरु ४२ प्रतिशतबाट बढेर ४६ प्रतिशत पुगेको छ । विद्यालय जाने उमेरका बालबालिकाहरू मध्ये आदिवासी करिब ३८ प्रतिशत , दलितको १८ प्रंतिशत र अपांगको १ प्रतिशत देखीन आउँछ । उक्त योजनामा उल्लेख भए बमोजिम प्राथमिक शिक्षाको विकासमा प्रगती देखिएता पनि अझै करिब १३ प्रतिशत बालबालिकहरू प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखिन्छ । त्यस मध्ये खासगरी गरिव , दलित,मधेशी र जनजाती बालबालिकाहरू प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखिन्छ । कक्षा दोहोऱ्याउने दर र विचैमा कक्षा छोड्ने दर पनि बढि नै देखिन्छ । कक्षा उर्त्तिण हुने दर न्यून मात्रामा देखिन्छ । यस्ता कारणहरूले गर्दा वालवालिकाहरू प्राथमिक तह पूरा नगरि विद्यालय छाड्न वाध्य छन् ।

(शर्मा, २०६४) “सबैका लागि शिक्षा” भन्ने नारालाई साकार पार्न हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको सन्दर्भमा हेर्ने हो भने देशका अधिकाशं जनताहरू गरिवीको चपेटामा परेका छन् । जसको प्रयत्न असर शिक्षामा पनि पर्न गएको छ । गरिवीकै कारणले गर्दा धेरै

परिवारहरूले आफ्नो बालबालिकाहरूलाई घरको काममा लगाउन बाध्य छन् । जसले गर्दा शिक्षा लिने उमेर भएका बालबालिकाहरू विद्यालयमा भर्ना भए पनि आफ्नो पढाइलाई निरन्तरता दिन पाइरहेका हुँदैनन् । प्रसिद्ध समाजशास्त्री तथा शिक्षाविद् कार्लमार्क्सले बालबालिकाको आर्थिक अवस्था नै शिक्षा प्राप्त गर्ने आधार मानेका छन् । उनका अनुसार जीवन संचालन गर्नका लागि अर्थ एक महत्त्वपूर्ण पक्ष हो । जसको अभावमा दैनिक जीवनका कार्य सुचारू रूपमा सञ्चानल हुन सक्दैन् । उनको विचारमा समाजमा दुई वर्ग हुन्छन् । वर्गकै आधारमा असमानता हुन्छ तर हाम्रो देशमा मानिसले आर्थिक विपन्नताले गर्दा आफ्ना बालबालिकाहरू पूर्ण रूपमा विद्यालय पढाउन सकिरहेका छैनन् । यसमा विद्यालय लगायत सामाजिक एवं आर्थिक पक्षको ठूलो भूमिका रहेको छ ।

(शर्मा, २०६४) सरकारले प्राथमिक शिक्षामा गरेको व्यापक लगानीले समेत यो समस्यालाई समाधान गर्न सकेको छैन् । परिवारको आर्थिक कारणले उनीहरूले आफ्नो बालबालिकालाई विद्यालयका लागि चाहिने आवश्यक कुराहरू पूर्ति गर्न सकिरहेका छैनन् भने अर्कातिर समाजमा भएको शासकवर्गले तल्लो वर्गका मानिसका छोराछोरीलाई काममा लगाउन चाहन्छन् र उनीहरू आफ्ना रोजीरोटीको व्यवस्थ ागर्नका लागि भए पनि विद्यालय जान छोडेर अर्थोपार्जनका लागि काम गर्न बाध्य हुन्छन् । त्यसैले जवसम्म समाजका मानिसहरू आर्थिक रूपमा आत्मनिर्भर हुँदैनन् तवसम्म यो समस्या जटिल रूपमा रहने देखिन्छ । फलस्वरूप सरकारे २०१५ सम्ममा बनाएको “सबैका लागि शिक्षा” कार्यक्रमको लक्ष्य पुरा नहुने देखिन्छ । त्यसैले प्राथमिक तहका बालबालिकाहरूले पारिवारिक, आर्थिक स्थिति मजबुत पारे मात्र विद्यालय छोड्ने दरमा कमी ल्याउन सकिन्छ । समाजशास्त्री मार्क्स वेबरका विचारमा समाजमा व्यत्तिहरूका बिचमा सम्पत्ति र मानसम्मान तथा इज्जतका लागि तानातान भइरहेको हुन्छ । यिनिहरूको प्राप्तिको परिणामले समाजमा विभेदीकरण हुने गर्छ । त्यसैले म्याक्स वेबरका सिद्धान्तकै आधारमा जवसम्म बालबालिकाका अभिभावकको पारिवारिक, आीर्थक अवस्था उच्च स्तरको हुँदैन तबसम्म प्राथमिक तहमा विद्यालय छोड्ने दर उच्च रहन्छ । समाजमा जुन व्यक्तिको पारिवारिक, आीर्थक व्यवस्था उच्च हुन्छ त्यस व्यक्तिको परिवारले विभिन्न क्षेत्रमा अवसर पाउँछन् तर गरीब, निमुखा व्यक्तिहरू अवसरबाट बञ्चित हुन्छन् । यस प्रकार समाजमा रहेका विद्यमान सामाजिक संरचना, धनी, गरीव वर्गको दृष्टिकोण, समाजमा उनीहरूले पाएको आत्मसम्मान, आत्म निर्णयको अधिकार, वातावरणको शिक्षकहरूको विद्यार्थी प्रतिको

दृष्टिकोण, विद्यालयमा उपलब्ध भौतिक सुविधाहरू र समाहित शैक्षिक वातावरण जस्ता पक्षहरूले असर पारिरहेको हुन्छ । शिक्षकहरूबाट पाउने व्यवहार उनीहरूको साथी संगीबाट प्राप्त हुने सम्मान जस्ता पक्षहरूले प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरू विद्यालय छोड्न बाध्य हुन्छन् ।

## २.२ अनुसन्धान साहित्यको पुनरावलोकन (Review of Research Literature)

*Horbison and Mayers* (1975) द्वारा युगाण्डामा गरिएको अध्इयन अनुसार प्राथमिक विद्यालयमा पहिलो वर्ष भर्ना भएको विद्यार्थीहरू ८०,००० थिए । ति मध्ये मात्र २५,००० विद्यार्थीहरू कक्षा ६ मा जान सफल भए । यो अवस्था अविकसित देशकै प्रतिनिधित्व बनेको छ । यस्तो हुनुका कारण तालिम प्राप्त शिक्षक नहुनु, शिक्षण हुने अवस्था उपयुक्त नहुनु, विद्यार्थीहरूको समय, शक्ति र लगानीमा घर परिवारले निगरानी राख्न नसक्नु भनी उल्लेख गरिएको छ ।

*Singh, M.L.* (1973) ल नेपालमा "शैक्षिक पलायन" सम्बन्धी तीनवटा जिल्लाहरू काठमाडौं, भक्तपुर र काभ्रेमा गरेको सर्वेक्षण अनुसार आठवटा कारक तत्त्वलाई बिचैमा विद्यालय छोड्ने कारणका रूपमा उल्लेख गरेको छ । जसमा परीक्षामा असफलता, विद्यालय परिवर्तन पाठ्यपुस्तक किन्न नसक्नु, विद्यालय घरबाट टाढा रहनु, जस्ता कारणहरू थिए । उक्त प्रतिवेदनमा विद्यालय छोड्नुको मूख्य कारण गरीवि उल्लेख गरिएको छ । जहाँ ६९.२ प्रतिशत बालबालिकाहरू नियमित विद्यालय जान सकिरहेका छैनन् ।

*CERID* (1983) ले नेपालको प्राथमिक तहमा गरेको अध्ययन अनुसार हिमाली क्षेत्रमा ६८.८ प्रतिशत पहाडी बालबालिकाहरू प्राथमिक तहमा बिचैमा विद्यालय छोड्न बाध्य छन् । जसका प्रमुख कारणहरूमा बालबालिकाको खराब स्वास्थ्य, घरको काममा बालबालिकाको प्रयोग, विद्यालयमा उपर्युक्त शिक्षण पद्धति लागु नहुनु, तथा विद्यालयको दुरी घरबाट टाढा हुनु उल्लेख गरिएको छ । सोही अध्ययनले छात्रले भन्दा छात्राले बढी प्राथमिक तहमा विद्यालय छोड्ने दर बढी हुने कुरा देखाएको छ । यसको कारण छात्राहरूले घरको काम बढी गर्नुपर्ने हुँदा विद्यालयमा कम समय मात्र सहभागी हुन पाउने, भाइबहिनीहरूको हेरचाह गर्नुपर्ने तथा परिवारबाट पढ्नका लागि कमै प्रेरणा पाउने, छोरीलाई पढाउन हुँदैन

भन्ने मान्यता अभिभावकमा विद्यमान रहनु तथा सरकारले पनि छात्राहरूका लागि भरपुर सुविधा उपलब्ध गर्न नसक्नु उल्लेख गरिएको छ ।

शिक्षा मन्त्रालय (१९९३) द्वारा गरिएको अध्ययन अनुसार नेपालमा प्राथमिक तहमा बिचैमा विद्यालय छोड्ने स्थिति भयाभह छ । झण्डै आधा जति बालबालिका कक्षा एकमा भर्ना भैं कक्षा ५ मा पुग्नु अगावै विद्यालय छोड्ने गर्छन् । यस बेला उनीहरूलाई साधारण संख्याको ज्ञान समेत प्राप्त भएको हुँदैन् । जति पढ्छन् ति पनि फेल भई कक्षा दोहेऱ्याई , तेहेऱ्याई रहेको अवस्थामा छन् । यसको मूख्य कारण गरीवि नै हो । गरीविको कारण अभिभावकहरूले विभिन्न बहानामा घरको काममा लगाउने तथा पेशा व्यवसायमा सामेल गराउने गर्छन् । अभिभावकहरू भन्ने गर्छन पहिलो आवश्यकता गाँस, बास र कपास हो । हामी यसैका लागि संघर्ष गर्दछौ । त्यस कारण एउटा व्यक्तिलाई प्राथमिक आवश्यकता पूरा गर्न संघर्ष गर्दा गर्दै दिर्घकालीन रूपमा प्राप्त हुने शिक्षाको उपलब्धि गौण हुनेछ ।

अर्याल (२०६६), द्वारा गरिएको "भक्तपुर जिल्लाको शहरी र ग्रामीण सामुदायिक प्राथमिक विद्यालयहरूमा छात्राहरूको कक्षा छोड्ने दर तथा यसका कारणहरू"मा उल्लेख गरे अनुसार २०६० सालमा प्राथमिक तहमा बिचैमा विद्यालय छोड्ने प्रतिशत ५.६ प्रतिशत थियो भने २०६१ सालमा सोही प्रतिशत १२.४ पुगेको थियो । सोही अध्ययनले शहरी क्षेत्रमा २०६० सालमा ६.४ प्रशित र २०६१ सालमा १६.६ प्रतिशत विद्यार्थीले बिचैमा विद्यालय छोड्ने दर देखाएको छ भने ग्रामीण क्षेत्रमा २०६० सालमा ४.८ प्रतिशत देखाएको छ । सो अध्ययनले प्राथमिक तहमा छात्राहरूले विद्यालय छोड्नुपर्ने कारणहरूमा अभिभावकहरूको बसाइसराइका कारणले ८३.३ प्रतिशत, शिक्षाप्रति सचेतनाको कमीका कारण ५२.३६ प्रतिशत, कमजोर शैक्षिक उपलब्धिका कारण ४२.८ प्रतिशत तथा स्वास्थ्य सम्बन्धि कारणबाट १९ प्रतिशत छन् भनि उल्लेख गरिएको छ ।

बस्नेत (१९८७) ले थारू केटाकेटीहरूले प्राथमिक तहमा बिचैमा विद्यालय छोड्नु पर्ने कारणहरू खातल्दै परिवारको अपहेलना सचेतनाको कमी, दयनीय आर्थिक अवस्था विद्यालय घरदेखि टाढा हुनु र परम्परावादी सोंच जस्तैः छोरीले पढ्न नपर्ने, अर्कोको घर जाने जात जस्ता कूराहरूलाई मूख्य कारणको रूपमा उल्लेख गरेका छन् ।

*CERID* (1987) ले नेपालमा तीन जिल्ला बर्दिया, नुवाकोट र ताप्लेजुङमा गरेको अध्ययन अनुसार बिचैमा विद्यालय छोड्ने बालबालिकाका अभिभावकहरू ६६ प्रतिशत अशिक्षित रहेका छन् । चेतनाको कमी भएका र आर्थिक अभावको चपेटामा परेका अभिभावकहरूका छोराछोरी सबैभन्दा बढी विद्यालय छोड्ने, आर्थिक अवस्था दयनीय रहेको असाक्षर परिवार कृषि पेशामा संग्लग्न कृषक तथा श्रमिकहरू र ठूलो पारिवार नै बालबालिकाले प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरूको रूपमा उल्लेख गरेको छ ।

राष्ट्रिय योजना आयोग (२०६४-०६५) ले उल्लेख गरे अनुसार प्राथमिक तहमा खुद भर्नादर ८७.४ प्रतिशत पुगेको छ । प्राथमिक विद्यालयमा छात्र भन्दा छात्राको सहभागिता बढेको छ । जुन योजनाको सुरूमा रहेको ४६ प्रतिशतबाट बढेर ४५ प्रतिशत पुगेको छ । विद्यालय जाने उमेरका बालबालिकाहरू मध्ये आदिवासी जनजातिको करीब ३५ प्रतिशत दलितको १८ प्रतिशत र अपाङ्गताको १ प्रतिशत देखिन्छ ।

उक्त योजनामा उल्लेख भए बमोजिम प्राथमिक शिक्षाको विकासमा प्रगति देखिएता पनि अझै १३ प्रतिशत बालबालिकाहरू प्राथमिक शिक्षाबाट बञ्चित रहेको देखिन्छ । त्यसमध्ये खास गरी दलित, मधेसी, जनजाती तथा गरीव बालबालिकाहरू शिक्षाबाट बञ्चित रहेको देखिन्छ । कक्षा दोहोऱ्याउने दर र बिचैमा कक्षा छोड्ने दर बढी छ । भने कक्षा उर्त्तीण दर पनि सन्तोषजनक छैन् । त्यसैले प्राथमिक तहमा बालबालिकाहरू बिचैमा विद्यालय छोड्न बाध्य छन् ।

## २.३ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन पश्चात् र यस अध्ययन बिचमा अनुसन्धान अन्तर यस प्रकार रहेका छ । साहितयको पुनरावलोकन नमुना छनोट विधिको माध्यमबाट सीमित जनसङ्ख्याबाट तथ्याङ्क लिई विश्लषण गरिएको थियो यस अध्ययनमा प्राथमिक तह पुरा नगरी बिचैमा छाड्ने, विद्यार्थीहरू, अभिभावक, शिक्षकहरूलाई शत प्रतिशत, स्तरकृत नमुना छनोटमा विधिको माध्यमबाट छनोट गरी वास्तविक र यथार्थ तथ्याङ्क लिइएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीको मात्र प्रयोग गरी तथ्याङ्क संकलन गर्दा सही नहुने सही नभएको पनि हुन सक्दछ तर यस अध्ययनको निचोडमा विद्यालय छाड्ने दर पत्ता लगाउनको लागि सम्बन्धित, विद्यार्थी, शिक्षक र

अभिभावकहरूलाई समावेश गरी लक्षित समुहको माध्यमबाट सत्य र यथार्थ तथ्याङ्क लिइएको छ । यस अध्ययनको साहित्य पुनरावलोकनमा प्राथमिक तहमा बिचैमा छाड्ने दर सँग सम्बन्धित घर परिवारजको आर्थिक तथा शैक्षिक क्षेत्रको बारेमा विश्लेषण गरिएको छ । जसले साहित्यको पुनरावलोकन प्रभावको विश्लेषण गर्न पनि सहज भएको छ । त्यसैले अन्य शोधपत्र भन्दा यस शोधपत्रमा अध्ययनको निचोड सत्य र वास्तविक भन्ने आशावली रहेको छ ।

## २.४ अध्ययनको अवधारणात्मक ढाँचा (Conception Framework of the Study)

प्राथमिक तहमा विद्यालय छाडेका बालबालिकाहरूको पहिचान गर्ने अवधारणात्मक ढाँचा निम्न अनुसार रहेका छ :

**व्यक्तिगत कारण**

- उमेर
- परीक्षामा असफलता
- बिरामी भएर
- दुर्घटनामा परेर
- साथीसँग झगडा परेर
- शारीरिक अपाङ्गता

**पारिवारिक कारण**

- परिवारको आकार
- अभिभावकको पृष्ठभूमि
- शिक्षाप्रतिको दृष्टिकोण
- आर्थिक अवस्था

**विद्यालयका कारण**

- पर्याप्त शैक्षिक सामग्रीको अभाव
- भौतिक सामग्रीको अपर्याप्तता
- विद्यालय टाढा भएर
- विद्यालय शिक्षक, कर्मचारी प्रशासनको विद्यार्थी प्रतिको दृष्टिकोण

# अध्याय : तीन (CHAPTER-THREE)

## ३. अनुसन्धान विधि (Research Methodology)

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन परिमाणात्मक र गुणात्मक दुवै प्रकारका तथ्याङ्क संकलन गरी वणनात्मक ढाँचामा तयार गरिएको छ । यस सोध पत्रको उद्देश्य अनुसार प्रश्नावली अर्न्तवार्ता, प्रश्नावली सूचना संकलन गरी व्याख्या विश्लेषण गरिएको छ । यस अर्न्तगत अध्ययनमा समावेश हुने अध्ययन ढाँचा तथ्याङको स्रोत, जनसंख्या नमुना छनोट प्रक्रिया अध्ययन क्षेत्रको परिचय तथ्याङ संकलन प्रविधि तथ्याङ प्रस्तुतीकरण र विश्लेषणलाई समावेश गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत (Sources of Data)

यस अध्ययान्मा तथ्याङ्क संकलनको लागि प्राथमिक र सहायक स्रोतहरू प्रयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत (Primary Data)

यस अध्ययन सवैभन्दा बढी प्राथमिक तथ्याङ्क को प्रयोग गरिएको छ र केहि आवश्यक ठाँउमा सहायक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्न विभिन्न समूहका व्यक्तिहरूका लागि विभिन्न प्रकारका मिश्रित, प्रश्नावली अवलोकन, अर्न्तवार्ता पनि समावेश गरिएको छ ।

### ३.२.२ सहायक स्रोत (Secondary Data)

यस अध्ययनका लागि सहायक तथ्याङ्क विभिन्न स्रोतबाट संकलन गरिएको छ । यसका लागि पथरिया गा.वि.स, जि.वि.स समिति जि.जि.का झापा, विद्यालयका प्रतिवेदन शिक्षा मनलय, केन्द्रिय तथ्याङ्क विभाग तथा अन्य संघसंस्थाबाट प्रकाशित र अप्रकाशित तथ्याङ्कहरू लिइएको छ ।

## ३.३. जनसंख्या नमुना आकार र नमुना छनोट रणनिति (Population Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र यसबारे छनोट गरिएको नमुनाको आकार तथा छनौट उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्नको लागि झापा, पथरिया गा.वि.स का ५ ओटा प्राथमिक विद्यालयका विद्यार्थी, अभिभावक र शिक्षकहरू र ति विद्यालयमा अध्ययन गरेर छोड्ने, विद्यार्थीहरू सम्पूर्णलाई यस अध्ययनको जनसंख्या हो ।

### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययनमा पथरिया गा.वि.स मा रहेका ५ वटा प्राथमिक विद्यालयका विद्यार्थीहरू, प्रत्येक विद्यालयबाट १५, १५ जना = ७५ शिक्षक १५, १५ जना = ७५, अभिभावकबाट २०, २० जना = १०० र विद्यालय व्यवस्थापन समितिबाट चार ओटा विद्यालयबाट ३, ३ ओटा = १२ जना र १ एक ओटा विद्यालयबाट २ जना गरि कुल २६४ जनालाई अध्ययनको नमुना लिइएको छ ।

### ३.३.३ नमुना छनोट रणनिति (Sampling Strategy)

१. यस अध्ययन कार्यको लागि विद्यालयको नमुना छनोट गर्दा उद्देश्यात्मक विधिद्वारा पथरिया गा.वि.स का ५ वटा प्राथमिक विद्यालयलाई लिइएको छ ।

२. यस अध्ययनको लागि ५ वटा प्राथमिक विदालयका १५ को दरले ५ वटामा ७५ विद्यार्थी, २० को दरले ५ वटामा १००, अभिभावक १५ को दरले, ५ वटामा ७५, शिक्षक र ३ को दरले ४ ओटामा १२ र एक ओटामा ६२ जना व्यवस्थापन समितिका सदस्यलाई नमुनाको आकार २६४ जना छनोट गरियो ।

३. यस अध्ययनको क्रममा प्राथमिक ५ वटा विद्यालयका प्र.अ. १/१ जना गरी ५ जना छनोट गरियो ।

## ३.४ अध्ययन क्षेत्र (Study Area)

पूर्वाञ्चल विकास क्षत्रे मेची अञ्चलमा पर्ने जिल्ला पथरिया गा.वि.स लाई अध्ययनको क्षेत्रको रुपमा लिइएको छ ।

## ३.५ तथ्यांक संकलनका साधनहरू (Tools of Data Collection)

यस अध्ययनको विषयसँग सम्बन्धित सुचना सकंलन गर्न निम्न अनुसारको सामाग्रीको निर्माण र प्रयोग गरिएको थियो ।

### ३.५.१ प्रश्नावली (Questinnaire)

वालवालिकाले विचैमा विद्यालय छाड्ने कारण पत्ता लगाउन अभिभावक र वालवालिकाका लागि छुट्टै अर्न्तवार्ता प्रश्नावली निर्माण गरिएको थियो । उक्त प्रश्नावलीका माध्ययमबाट प्राप्त सुचनाका आधारमा विचैमा विद्यालय छाड्ने कारणको खोजी गरिएको थियो । अर्न्तवार्ता प्रश्नावली  अनुसूची १ मा राखिएको छ ।

### ३.५.२ अवलोकन फारम (Observation Form)

प्राथमिक तह पुरा नगरी विचैमा विद्यालय छाड्ने विद्यार्थीको दर पत्ता लगाउनको लागि अवलोकन फारम निर्माण गरिएको थियो । उक्त फारमका आधारमा विद्यालयका प्रधान अध्यापकसगं प्रत्यक्ष भेट गरि विद्यार्थीका २०६७ सालदेखि २०७१ सालसम्म ५ वर्षको भर्ना संख्या तथा विचैमा विद्यालय छाड्ने दरको विद्यालयको रेकर्ड अनुसारको टिपोट गरिएको थियो । अवालेकन फाराम प्रश्नावली  अनुसूची २ मा राखिएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion  Guide)

शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने प्रधानअध्यापक तथा शिक्षकहरू जसलाई विद्यार्थीले विचैमा विद्यालय छाड्ने तथा कारणको बारेमा गहन जानकारी रहेको हुन्छ ।  सोही मान्यतामा रही नमूना विद्यालयका प्रधानअध्यापक तथा शिक्षकसंग छलफल गरि आवश्यक सुचना संकलन गर्न निर्देशिका तयार पारिएको थियो । छलफल निर्देशिका अनुसूची ३ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका तरिकाहरु (Techniques of Data Collection)

अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न अनुसन्धान कर्ता स्वयम्, यस सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरू विद्यालयका, प्र.अ. र शिक्षकहरू र अभिभावकहरू सँग प्रत्यक्ष भेटघाट गरिएको थियो र साथै आफूले तथ्याङ्क संकलनका लागि निर्माण गरिएको साधन प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो । उक्त तथ्यालाई निम्न विधिको प्रयोग गरिएको थियो ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्नको लागि अन्तर्वार्ता विधि प्रयोग गरिएको थियो । उत्तरदाता सँग्र प्रत्यक्ष भेटघाट गरी आमने सामने भएर प्रश्नावलीको माध्यमबाट प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता लिइएको थियो ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनलाई पूरा गर्नका लागि अध्ययनकर्ता विद्यालयमा पुगी, विद्यार्थी, प्र.अ. शिक्षक र अभिभावकहरू सिट प्रत्यक्ष भेटी, उनीहरूका, पारिवारिक, वातावरण बालबालिकाको, पढाई प्रति, धारणा र विद्यालयको वातावरण आदिको प्रत्यक्ष अवलोकन गरिएको थियो ।

### ३.६.३ लक्षित समूह छलपल (Focussed Group Discussion)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न क्रममा अनुसन्धानकर्ता स्वयम् उपस्थिति भई आफ्नो अध्ययन क्षेत्रमा वडाहरूबाट रहेका विद्यालयका विद्यार्थी ५-५ जना शिक्षक र प्र.अ. ५, ५ जना र अभिभावक, ५-५ जना गरी ३० जनाको ३ वटा ग्रुप बनाई, छलफल सञ्चालन गर्न, खुल्ला प्रश्न पत्र निर्माण गरिएको थियो । जुन अनुसूची ४ मा देखाइएको छ ।

# अध्याय : चार (CHAPTER FOUR)

## ४. नतिजाको विश्लेषण र व्याख्या (Interpretation and Analysis of Result)

प्राथमिक तहमा बालबालिकाले बिचैमा विद्यालय छोड्ने कारण र उनीहरूको परिवारको आर्थिक अवस्थाको स्थिति खोजी गरिएको छ । जसका लागी ३ वटा उद्देश्यहरू निर्धारण गरि झापा जिल्लाको पथरिया गा.वि.स.मा रहेका ५ वटा विद्यालयलाई नमूना विद्यालयको रूपमा छनोट गरिएको छ । जस अनुसार श्री पथरिया उच्च मा.वि., श्री लक्ष्मी प्र. देवकोटा निम्न माध्यामिक विद्यालय, श्री मोती माध्यामिक विद्यालय, श्री सरस्वती निम्न माध्यामिक विद्यालय र श्री आमवाडी प्राथमिक विद्यालय रहेका छन् । यस क्रममा सूचना सङ्कलन गर्न अध्ययनकर्ता अध्ययनको क्षेत्रमा प्रयत्न उपस्थित भई अन्तरवार्ता, प्रश्नावली तथा दस्तावेजहरूको अध्ययन गरी शिक्षकहरूको सहयोगमा आवश्यक सूचनाहरूलाई परिमाणात्मक तथा गुणत्मक दुवै विधिको प्रयोग गरी विभिन्न शीर्षक-उप शीर्षकहरूमा विभाजन गर्दै विश्लेषण तथा व्याख्या गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

पूर्वाञ्चल विकास क्षेत्रको सुदूर पूर्वमा पर्ने झापा जिल्ला स्थित पथरिया गा.वि.स. अन्तरगतको प्राथामिक तहमा बालबालिकाले विद्यालय छोड्ने कारण र उनीहरूको आर्थिक अवस्था यस अनुसन्धानको अध्ययन क्षेत्र भएकाले उक्त क्षेत्रको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.१ झापा जिल्ला (Jhapa District)

झापा जिल्ला पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गतको मेची अञ्चलमा पर्ने एक तराईको सुगम जिल्ला हो । यो जिल्ला पूर्ण रुपमा अवस्थित छ । भारतसगँको पूर्वी नाकालाई यसै जिल्लाले जोडेको छ । यसको उत्तरी सिमाना इलाम, पूर्वी सिमाना मेची नदी ( जुन नेपालको पूर्वी सिमाना पनि हो ) , पश्चिममा मोरङ्ग र दक्षिणमा विहार पर्दछ । यस जिल्लामा ४७ वटा गा.वि.स. र तीनवटा नगरपालिका रहेका छन ् । यस जिल्लाको सदरमुकाम चन्द्रगढी हो , जुन अध्ययन क्षेत्र भन्दा २६ कि.मि. उत्तरमा पर्दछ ।

भौगोलिक रुपमा झापा जिल्ला ८६ डिग्री १२ मिनेट पूर्वी देशान्तर र २६ डिग्री ५ मिनेट उत्तरी अक्षांशमा अवस्थित छ । यो जिल्ला सामुन्द्रिक सतहदेखि न्यूनतम ६३ र अधिकतम ३८० मिटरको उचाईमा रहेको छ । यो जिल्लाको हावापानी जाडो मौसममा धेरै जाडो र गर्मी मौसममा धेरै गर्मी हुने गर्दछ । गर्मी अर्थात चैत्र वैसाखको समयमा अधिकतम ३८ डिग्री सेल्सियस र न्यूनतम १५ डिग्री सेल्सियससम्म पुग्छ भने जाडो मौसम अर्थात पुस माघ महिनामा अधिकतम २८ देखि १० डिग्री सेल्सियससम्म तापक्रम हुने गर्दछ । असार साउनमा भने अधिकतम वर्षा हुने गर्दछ । यस जिल्लाको कुल क्षेत्रफल १ हजार ६०६ वर्ग कि.मि. रहेको छ । यस जिल्लाको पूर्व पश्चिम लम्बाई ४६ कि.मि. छ भने उत्तर दक्षिणको चौडाई २९ कि.मि. रहेको छ । यो जिल्ला पूर्ण रुपमा समथर भू–भाग मिलेर बनेको छ भने यहाँको माटो उत्पादनको दृष्ट्रिले धेरै उर्बर छ । जिल्लाको कुल क्षेत्रफलको ९३ दशमल्लव ९० प्रतिशत भूमि कृषि व्यवसायको लागि एकदमै उपयुक्त छ । कूल क्षेत्रफलको १० दशमल्लव ३० प्रतिशत भूमिमा वन क्षेत्र रहेको छ भने १ दशमल्लव ३० प्रतिशत नदीनालाहरू रहेको छन् । शून्य दशमल्लव ३० प्रतिशत भूमिमा चियाखेती रहेको छ । (स्रोत : जि.वि.स. को कार्यालय, झापा २०६८ )

यस जिल्लामा १ लाख ३७ हजार ३०१ घर परिवार रहेका छन् भने कूल जनसंख्या ६ लाख ८८ हजार १०९ रहेको छ । यसमध्ये ३ लाख ४१ हजार ६७५ अर्थात कूल जनसंख्याको ४९ दशमल्लव ६६ प्रतिशत पुरुष र ३ लाख ४६ हजार ४३४ अर्थात कूल जनसंख्याको ५० दशमल्लव ४३ प्रतिशत महिला रहेको छन् । यहाँको औसत परिवार सदस्य संख्या ५ दशमल्लव १ जना रहेको छ ।

यहाँको जनघनत्व प्रति वर्ग कि.मि. ४२८ जना रहेको छ । यस जिल्लाको जनसख्या वृद्धिदर १ दशमल्लव ४८ प्रतिवर्ष र साक्षरता दर ६७ दशमल्लव १ प्रतिशत रहेको छ । यहाँको जनसंख्यामा जातीय, धार्मिक तथा अन्य रुपमा विविधता पाइन्छ । उत्तरी क्षेत्र अर्थात इलाम , पाँचथर र ताप्लेजुङ्ग जिल्लाबाट उत्तरी भेगमा बसाई सरेर आउनेको संख्या बढ्दो छ । यस कारण यहाँको जनसंख्याको पनि थोरै समयमा परिवर्तन आइरहने गर्दछ । यो जिल्लाको उत्तरी भेगमा ब्राह्मण, क्षेत्री, नेवार, राई, लिम्बु, गुरुङ्ग , मगर, कामी , दमाई आदि जातिहरूको बाहुल्यता छ भने दक्षिणी भेगमा मुख्य गरेर तराई मुलका राजवंशी, चौधरी, सतार , धिमाल, मेचे, कोचे, आदि नातिहरूको बाहुल्यता रहेको छ । यी जातिय

विविधता बीचमा भाषिक विविधता पनि रहेको छ । अर्थात प्राय : गरेर सबै अलग मातृभाषा रहेको छ , भने धार्मिक रुपमा पनि विविधता रहेको छ । ( स्रोत : जि.वि.स. को कार्यालय, झापा २०७२ )

### ४.२.२ पथरिया गा. वि. स. (Pathriya VDC)

पथरिया गा.वि.स झापा जिल्लाको ४७ वटा गा.वि.स. हो । कृषि उत्पादनको दृष्टिले उत्कृष्ट माटो भएको गा.वि.स को रुपमा परिचित यो जिल्लाको उत्तरमा इलाममा सीमा अवस्थित छ । जिल्ला सदरमुकामबाट २६ कि.मि दक्षिणमा रहेको यो गा.वि.स. को उत्तरी सिमाना जलथल गा.वि.स. , दक्षिणमा केचना गा.वि.स., पूर्वमा बालुवाडी गा.वि.स. र पश्चिममा राजगढ गा.वि.स. रहेका छन् । अध्ययनको सहजताको लागि गा.वि.स. गत तथ्याङ्कलाई विभिन्न सह एकाईहरूमा उल्लेख गरिएको छ ।

- जनसंख्या

यस गा.वि.स. को जम्मा जनसंख्या १० हजार ८ सय २२ रहेको छ । गा.वि.स. मा घरधुरी संख्या २ हजार ३ सय ८९ रहेको छ । १० हजार ८ सय २२ जनसंख्या मध्ये पुरुष ५ हजार ६ सय १० रहेको छन् भने महिला ५ हजार २ सय १२ रहेको छन् । तलको तालिकाबाट प्रत्येक वडामा रहेको जनसंख्या र परिवार संख्या हेर्न सकिन्छ ।

**तालिका ४.१**

**वडागत रुपमा जनसंख्या र परिवारको विवरण**

| वडा नं. | कूल जनसंख्या | घर परिवार | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | १५४१ | ३५० | ७९१ | ७५० |
| २ | ६८२ | १३० | ३४४ | ३३८ |
| ३ | ६२९ | ११७ | ३१३ | ३१६ |
| ४ | १६३३ | २८४ | ८५३ | ७८० |
| ५ | ७८० | ४२० | ४०३ | ३७७ |
| ६ | ४५७ | ९१ | २५३ | २०४ |
| ७ | ११४८ | २२१ | ६२८ | ५२० |
| ८ | २९३१ | ५७९ | १५१२ | १४१९ |
| ९ | १०२१ | १९७ | ५१३ | ५०८ |
| जम्मा | १०८२२ | २३८९ | ५६१० | ५२१२ |

स्रोत : गा.वि.स को कार्यालय पथरिया झापा, २०७२ ।

तलिका नं . ४.१ ले वडा नं. ८ मा सवैभन्दा बढी जनघनत्व रहेको देखाएको छ भने वडा नं. ६ मा सवैभन्दा कम जनघनत्व रहेका देखिएको छ ।

- **जाति**

यस गा.वि.स मा पनि देशकै जातिय विविधता अनुरुपको विविधता रहेको छ । यहाँ विभिन्न १६ जातिको बसोवास रहेको छ । तलको तालिकाबाट गा.वि.स. को प्रत्येक वडा अनुसारको जातिय संरचना दिइएको छ ।

**तालिका ४.२**

**वडा अनुसारको पारिवारिक संरचना**

| क.स. | जाति | *वडाहरू* | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
| १ | ब्राह्मण | ३७३ | १२२ | १९७ | ४१४ | ३४२ | ११० | २९६ | १६९० | १२० | ३६६४ |
| २ | क्षेत्री | १५० | ५० | १५३ | २१० | ९० | २५ | ४५ | ६५० | २१० | १५८३ |
| ३ | जनजाति | १२९ | १२ | ३५ | ११८ | १२७ | १२६ | ८६ | २२५ | १२५ | ९८३ |
| ४ | आदिवासि | ८१० | ६६१ | ३४० | ५२९ | २९६ | ४२० | ६४५ | ५०० | २६० | ४४६१ |
| ५ | दलित | ५ | ३८ | – | ५ | ३ | ६ | २१ | – | १० | ८८ |
| ६ | अन्य | २ | १ | ४ | ५ | ३ | २ | ४ | १२ | १० | ४३ |
| | जम्मा | | | | | | | | | | १०८२२ |

स्रोत : गा.वि.स. को कार्यालय पथरिया झापा , २०७२ ।

तलिका ं. ४.२ बाट गा.वि.स. को प्रत्येक वडामा राजवंशी जातिको बाहुल्यता रहेको छ । त्यसैगरी क्रमश : ब्राह्मण, क्षेत्री, मगर ,नेवार जातिको बाहुल्ता रहेको छ ।

- **उमेरगत संरचना**

पथरिया गाउँ विकास समितिका बासिन्दाहरूको उमेरगत अवस्था यस प्रकार रहेको छ ।

**तालिका ४.३**

**उमेरगत संरचना**

| वडा नं. | उमेर समुह | | | |
|---|---|---|---|---|
| | ०–५ वर्ष | ५–१६ वर्ष | १६–६० वर्ष | ६० भन्दा माथि |
| १ | २८६ | ३३२ | ८४० | ८३ |
| २ | १५२ | १४८ | ३५७ | २५ |
| ३ | ८५ | १२९ | ३८२ | ३३ |
| ४ | १९९ | ३०२ | ९९५ | ८३ |
| ५ | २४१ | १२७ | ३६३ | ४९ |
| ६ | ६४ | १३२ | ३३३ | ७२ |
| ७ | १३७ | २०५ | ६३६ | ७० |
| ८ | २८० | ६१० | १८१२ | २३९ |
| ९ | १३४ | २२५ | ५९२ | ७० |
| जम्मा | १५७८ | २२१० | ६३१० | ७२४ |

स्रोत : गा.वि.स. को कार्यालय, पथरिया झापा,२०७२ ।

तालिका ४. ३ बाट के देखिन्छ भने गा.वि.स. का प्रत्येक वडाहरूमा १६ देखि ६० वर्ष उमेर समुहको जनसंख्या बढी रहेको छ । अर्थात ६ हजार ३ सय १० छ । त्यसैगरी ५ देखि १६ वर्ष उमेर समुहको जनसंख्या पनि २२१० रहेको छ । ५ वर्ष भन्दा तलको जनसंख्या १ हजार ५ सय ७८ रहेको र ६० वर्षभन्दा माथिको जनसंख्या सबभन्दा कम ७२४ रहेको छ ।

- **शिक्षा**

यस पथरिया गा.वि.स. मा प्राय : धेरै मानिसहरू साक्षर छन् । यहाँका ५० दशमल्लव ८२ प्रतिशत जनसंख्या साक्ष्मर रहेका छन् भने ३६ दशमल्लव १५ प्रतिशत जनसंख्या निरक्षर रहेका छन् । बाकी १३ दशमल्लव १३ प्रतिशत जनसंख्या एस। एल. सी . वा सो भन्दा माथिको शिक्षा लिएका छन् । तलको तालिका बाट यस गा.वि.स. को साक्षरता दर प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.४**

**२०७२ सालको गा.वि.स. को साक्षरता दर**

| क.स. | तह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | एस.एल.सी. | ३६० | २५.५३ | १०५० | ७४.४७ | १४१० | १३.३० |
| २ | साक्षर | २०५० | ३७.२७ | ३४५० | ६३.७३ | ५५०० | ५०.८२ |
| ३ | निरक्षर | २२५० | ५७.५२ | १६६२ | ४२.४८ | ३९१२ | ३६.१५ |
| जम्मा | | १०० | १०० | | १०० | | १०० |

स्रोत : गा.वि.स को कार्यालय पथरिया झापा २०७२ ।

- **पेशा**

अध्ययन क्षेत्र पथरिया गा.वि.स. का ७७.९७ प्रतिशत मानिस कृषि पेशामा लागेका छन् भने न्यून जनसंख्यामात्र गैह कृषि, वैदेशिक रोजगार, व्यापार, सेवा, श्रमिक आदि पेशामा आश्रित रहेका छन् । तलको तालिकाबाट यस क्षेत्रका पेशागत अवस्था प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.४**

**२०७२ सालको पेशागत संरचना**

| क .स. | पेशा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ८४३८ | ७७.९७ |
| २ | सेवा | १६० | १.४८ |
| ३ | व्यापार | २७५ | २.५४ |
| ४ | श्रमिक | १५८० | १४.६ |
| ५ | वैदेशिक रोजगार | ३६९ | ३.४१ |
| | जम्मा | १०८२२ | १०० |

स्रोत : गा.वि.स को कार्यालय पथरिया झापा २०७२ ।

झापा जिल्ला नेपाल राष्ट्रको पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत सुदूरपूर्वि तराईको एक विकसित जिल्ला हो । क्षेत्रफलको हिसावले यो जिल्ला ४७ र जनसंख्याको हिसावले चौधौं

स्थानमा पर्छ । झापा जिल्ला उत्तरमा २६° २०' देखि २६° ५०' पूर्वमा ८७° ३९' देखि ८८° १२' देशान्तरमा फैलिएको छ । यो जिल्ला समुद्र सतहदेखि ५८ m देखि ५०० m सम्मको उचाइमा पर्छ । नेपालको सबैभन्दा होचो भाग केचनाकवन यसै जिल्लाको केचना गा.वि.स.को वडा नं. ३ मा पर्छ । नेपालको सबैभन्दा लामो पुल (७०३ मि.) यसै जिल्लामा पर्छ । धान र चिया खेतीमा लागि यो जिल्ला राष्ट्रकै अग्रस्थानमा रहेको छ । साथै बंगालबाट वहने मनसुनी वायुका कारणले यहाँ धेरै वर्षा हुने गर्छ । जम्मा क्षेत्रफल १६०६ वर्गमिटर भएको यस जिल्लाको पूर्वपश्चिम लम्बाई ४६ कि.मि. र उत्तर दक्षिण सरदर चौडा २९ कि.मि. छ । उत्तरमा चुरे क्षेत्र र दक्षिणमा भारतको समथर क्षेत्रले घेरेको यस जिल्लामा हिँउदमा चिसो र गृष्ममा बढी गर्मी हुने गर्छ । यस जिल्लाको पूर्व पश्चिममा बंगाल ( भारत), पश्चिममा मोरङ जिल्ला, उत्तरमा इलाम र दक्षिणमा विहार (भारत) पर्छ । यस जिल्लामा ४७ वटा गा.वि.स., ३ वटा नगरपालिका र १७ वटा इलाका छन् । साथै ५ वटा निर्वाचन क्षेत्र रहेका छन् ।

झापा जिल्ला शिक्षाको क्षेत्रमा पनि अग्रस्थानमा रहेको छ । जहाँ प्राथमिक विद्यालयमा जम्मा विद्यार्थी संख्या ३६१४ रहेका छन् । जहाँ प्राथमिक तहमा खुद भर्नादर ९१.२ प्रतिशत रहेको छ । जसमध्ये छात्र भर्नादर ९२.२ प्रतिशत र छात्रा भर्नादर ८९.४ प्रतिशत रहेको छ । झापा जिल्लामा प्राथमिक तहमा विद्यालय छोड्ने दर निम्न अनुसार छ

| Class | 1 | 2 | 3 | 4 | 5 |
|---|---|---|---|---|---|
| Dropout | 13.90 | 4.0 | 4.0 | 5.0 | 10.0 |

Source: DoE, MoES, School Level Education Statistic of Nepal, 2001.

यो तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने धेरै बालबालिकाहरू विविध कारणले गर्दा प्राथमिक तहको शिक्षलाई निरन्तरता दिन सकिरहेका छैनन् । यस्ता कारणहरूमा विद्यार्थीको पारिवारिक, आर्थिक, सामाजिक समस्यालाई प्रमुख कारणहरूका रूपमा लिन सकिन्छ । विद्यालय छोड्ने बालबालिकालाई पुनः प्रवेश गराउन र विद्यालयमा निरन्तर रूपमा टिकाउन अवलम्बन गर्नुपर्ने कार्यक्रमलाई आजको शिक्षा क्षेत्रको चुनौतीका रूपमा लिईएको छ ।

## ४.२ विद्यालय छोडेका बालबालिकाको विवरण (Dropout Students Report in School)

यस अध्ययनमा विद्यालय छोडेका बालबालिकाको विवरण थाहा पाउनका लागि उनीहको हाजिरी रेकर्ड अध्ययन गरिएको थियो । यसका लागि ५ वटा नमूना विद्यालयको शैक्षिक सत्र २०७० र २०७१ क्रमशः तल उल्लेख गरिएको छ ।

### ४.२.१ २०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण (Dropout Primary Level Students Report in 2067)

**तालिका ४.५**

**२०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण**

| श्री पथरिया उच्च मा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका जम्मा वि. | छात्र | छात्रा | विद्यालय छोड्ने जम्मा वि. | छात्र | प्रतिशत | छात्रा | प्रतिशत |
| १ | ४३ | २३ | २० | ४ | १ | ४.३५ | २ | १३.०४ |
| २ | ३६ | २० | १६ | ३ | २ | १० | १ | ६.२५ |
| ३ | ३१ | १६ | १५ | ४ | - | - | ४ | २६ |
| ४ | ४२ | २२ | २० | २ | २ | ९ | - | - |
| ५ | ४३ | २२ | २१ | ६ | - | - | ६ | २७.२ |
| जम्मा | १९५ | १०३ | ९२ | १९ | ५ | ४.८५ | १४ | १५.२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.५ अनुसार पथरिया उच्च मा. वि. मा कक्षा १ मा जम्मा ४३ जना विद्यार्थीहरू मध्ये छात्रहरू २३ जनामध्ये १ जना ले विद्यालय छोडेको पाइयो भने २० जना छात्रा मध्ये ३ जनाले विद्यालय छोडेको पाइयो । कक्षा २ मा ३६ जना विद्यार्थीह मध्ये छात्र २० जना र छात्रा १६ जना रहेको पाइयो । जसमध्ये छात्र २ जनाले विद्यालय छाडेको पाइयो भने १ छात्राले विद्यालय छोडेको पाइयो । त्यस्तै कक्षा ३ मा जम्मा विद्यार्थी संख्या ३१ जना मध्ये छात्र १६ जना र छात्रा १५ जना पाइयो । जसमध्ये छात्रले विद्यालय नछोडेको तथा ४

जनाले विद्यालय छोडेको पाइयो । कक्षा ४ मा जम्मा ४२ जना विद्यार्थी मध्ये २२ जना छात्र र २० जना छात्रा रहेको पाइयो । जहाँ २ जना छात्रले विद्यालय छोडेको पाइयो भने ६ जना छात्राले विद्यालय छोडेको पाइयो । त्यस्तै कक्षा ५ मा जम्मा ४३ जना विद्यार्थीमध्ये २२ जना छात्र र २१ जना छात्रा पाइयो । जसमध्ये छात्रले विद्यालय छोडेको पाइएन भने ६ जना छात्राले विद्यालय छोडेको पाइयो ।

**तालिका ४.६**

**२०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण**

| श्री लक्ष्मी प्रसाद देवकोटा नि.मा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका जम्मा वि. | छात्र | छात्रा | विद्यालय छोड्ने जम्मा वि. | छात्र | प्रतिशत | छात्रा | प्रतिशत |
| १ | ५३ | ३२ | २१ | १ | - | - | १ | ४.७६ |
| २ | ४५ | २३ | २२ | ५ | २ | ४.४४ | ३ | १३.६३ |
| ३ | ४७ | २५ | २२ | ३ | १ | ४ | २ | ९.०९ |
| ४ | ४३ | २७ | १६ | ६ | २ | ७.६९ | ४ | २५ |
| ५ | ५२ | ३० | २२ | ५ | - | - | ५ | २२.२७ |
| जम्मा | २४० | १३७ | १०३ | २० | ५ | - | १५ | - |

श्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिका तालिका ४.६ अनुसार श्री लक्ष्मी प्रसाद देवकोटा नि.मा.वि. अर्न्तगत कक्षा १ रहेका जम्मा ५३ विद्यार्थी मध्ये छात्र ३२ जना र छात्रा २१ जना रहेका छन् । जसमध्ये छात्रले विद्यालय छोडेको पाइएन भने १ छात्राले विद्यालय छोडेको पाइयो । कक्षा २ मा भएका ४५ विद्यार्थीहरू मध्ये छात्र २३ जना र छात्रा २२ जना रहेको पाइयो । जसमध्ये २ जना छात्र र ३ छात्राले विद्यालय छोडेको पाइयो । त्यस्तै कक्षा ३ मा जम्मा विद्यार्थी संख्या ४७ जना मध्ये छात्र २५ र छात्रा २२ जना रहेको पाइयो । जसमध्ये १ जना छात्र र २ जना छात्राले विद्यालय छाडेको पाइयो । कक्षा ४ मा रहेको जम्मा ४३ जना विद्यार्थी संख्या मध्ये २७ जना छात्र र १६ जना छात्रा रहेको पाइयो । ति मध्ये २ जना छात्र र ४ जना छात्राले

विद्यालय छोडेको पाइयो । त्यस्तै कक्षा ५ मा रहेका जम्मा ५२ जना विद्यार्थी संख्या रहेको पाइयो । ति मध्ये छात्रले विद्यालय नछोडेको पाइयो ।

**तालिका ४.७**

**२०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण**

| **श्री मोती मा.वि.** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **भर्ना भएका जम्मा वि.** | **छात्र** | **छात्रा** | **विद्यालय छोड्ने जम्मा वि.** | **छात्र** | **प्रतिशत** | **छात्रा** | **प्रतिशत** |
| १ | ४६ | २७ | १९ | ७ | ३ | ११.११ | ४ | २१.०२ |
| २ | ५२ | २७ | २५ | ३ | १ | ३.८० | २ | ८ |
| ३ | ५० | ३० | २० | ३ | – | – | ३ | १.५ |
| ४ | ४५ | २४ | २१ | २ | २ | ८.३३ | – | – |
| ५ | ५१ | ३२ | १९ | ३ | १ | ३.१२ | २ | १०.५ |
| जम्मा | २४४ | १४० | १०४ | १८ | ७ | – | ११ | – |

श्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका अनुसार, श्री मोती मा.वि. अर्न्तगत कक्षा १ मा रहेका जम्मा ४६ विद्यार्थीमध्ये २७ जना छात्र र १९ जना छात्रा रहेको पाइयो । जसमध्ये ३ जना छात्र र ४ जना छात्राले विद्यालय छोडेको देखियो । कक्षा २ मा भर्ना भएका जम्मा ५२ विद्यार्थीमध्ये २७ जना छात्र र २५ जना छात्रा रहेका थिए । जसमध्ये १ जना छात्रले र २ जना छात्राले विद्यालय छोडेको पाइएन भने ३ जना छात्राले विद्यालय छोडेको पाइयो । त्यस्तै कक्षा ४ मा भर्ना भएका ४५ जना विद्यार्थी मध्ये २४ जना छात्र र २१ जना छात्रा रहेको पाइयो । ति मध्ये २ जना छात्रले विद्यालय छोडेका थिए भने छात्राहरूले विद्यालय छोडेका थिएनन् । कक्षा ५ मा भर्ना भएका जम्मा ५१ जना विद्यार्थी मध्ये ३२ जना छात्र र १९ जना छात्रा थिए । ति मध्ये १ जना छात्र र २ जना छात्राले विद्यालय छोडेको पाइयो ।

तालिका ४.८

२०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण

| श्री सरस्वती नि.मा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका जम्मा वि. | छात्र | छात्रा | विद्यालय छोड्ने जम्मा वि. | छात्र | प्रतिशत | छात्रा | प्रतिशत |
| १ | ३४ | १५ | १६ | २ | – | – | २ | १२.५ |
| २ | ३० | १३ | १७ | ६ | १ | ७.६९ | ५ | ३१.५५ |
| ३ | ६२ | ३१ | ३१ | ४ | १ | ३.२२ | ३ | ९.६७ |
| ४ | ४८ | १९ | २९ | १ | १ | ५.२६ | – | – |
| ५ | ४७ | ३० | १७ | ९ | ३ | १० | ६ | ३५.२९ |
| जम्मा | २२० | ११० | २२ | ६ | ६ | – | १६ | – |

श्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.८ अनुसार श्री सरस्वती नि.मा.वि. कक्षा एकमा भर्ना भएका जम्मा ३४ जना विद्यार्थी मध्ये १८ जना छात्र र १६ छात्रा रहेको पाइयो जसमध्ये छात्रले विद्यालय छाडेको पाइएन भने २ जना छात्राले विद्यालय छोडेका पाइयो । त्यस्तै कक्षा २ मा भर्ना भएका जम्मा ३० जना विद्यार्थी मध्ये १३ जना छात्र र १७ जना छात्रा रहेका थिए । जसमध्ये १ जना छात्र र ५ जना छात्राले विद्यालय छोडेको पाइयो । त्यस्तै कक्षा ३ मा भर्ना भएका जम्मा ६२ जना विद्यार्थीहरू मध्ये ३१ जना छात्र र ३१ जना छात्रा रहेका थिए । जसमध्ये १ जना छात्र र ३ जना छात्राले विद्यालय छोडेको पाइयो । कक्षा ४ मा भर्ना भएका जम्मा ४८ जना विद्यार्थीहरू मध्ये १९ जना छात्र र २९ जना छात्रा थिए । ति मध्ये १ जना छात्रले मात्र विद्यालय छोडेको पाइयो । कक्षा ५ मा भर्ना भएका जम्मा ४७ जना विद्यार्थीहरू मध्ये ३० जना छात्र र १७ जना छात्रा थिए ति मध्ये विद्यालय छोडेका छात्र ३ जना र छात्रा ६ जना थिए ।

## तालिका ४.९

## २०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण

| श्री आमवाडी प्रा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **भर्ना भएका जम्मा वि.** | **छात्र** | **छात्रा** | **विद्यालय छोड्ने जम्मा वि.** | **छात्र** | **प्रतिशत** | **छात्रा** | **प्रतिशत** |
| १ | ५१ | ३१ | २० | ५ | ३ | ९.६ | २ | १० |
| २ | ४५ | २५ | २० | २ | १ | ४ | १ | ५ |
| ३ | ५२ | २३ | २९ | ५ | २ | ८-६९ | ३ | १०.३४ |
| ४ | ४३ | २१ | २२ | १ | - | - | १ | ४.५ |
| ५ | ५२ | २६ | २६ | २ | २ | ७.६९ | - | - |
| जम्मा | २४३ | १२६ | ११७ | १५ | ८ | - | ७ | - |

श्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिका तालिका ४.८ अनुसार श्री आमवाडी प्रा.वि. अर्न्तगत कक्षा १ मा भर्ना भएका जम्मा ५१ जना विद्यार्थीहरू मध्ये ३१ जना छात्र र २० जना छात्रा रहेको पाइयो । तिमध्ये ३ जना छात्र र २ जना छात्राले विद्यालय छोडेको थिए । त्यसरी नै कक्षा २ मा भर्ना भएका जम्मा ४५ जना विद्यार्थीहरू मध्ये २५ जना छात्र र २० जना छात्रा रहेका थिए । ति मध्ये १ जना छात्र र २० जना छात्रा रहेका थिए । ति मध्ये १ जना छात्र र १ छात्राले विद्यालय छोडेका थिए । त्यस्तै कक्षा ३ मा भर्ना भएका जम्मा ५२ विद्यार्थीमध्ये २३ जना छात्र र २९ जना छात्रा थिए । जसमध्ये २ जना छात्र र ३ जना छात्राले विद्यालय छोडेका थिए । कक्षा ४ मा भर्ना भएका जम्मा ४३ जना विद्यार्थी मध्ये २१ जना छात्र र २२ जना छात्रा रहेका थिए । ति मध्ये छात्रले विद्यालय छोडेको थिएनन् भने १ छात्राले विद्यालय छोडेको पाइयो । अनि कक्षा ५ मा भर्ना भएका ५२ विद्यार्थीहरू मध्ये २६ छात्र र २६ छात्रा थिए । ति मध्ये २ जना छात्रले मात्र विद्यालय छोडेका थिए ।

**तालिका ४.१०**

**२०७१ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण**

| श्री पथरिया उच्च मा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **भर्ना भएका जम्मा वि.** | **छात्र** | **छात्रा** | **विद्यालय छोड्ने जम्मा वि.** | **छात्र** | **प्रतिशत** | **छात्रा** | **प्रतिशत** |
| १ | ४३ | २३ | २० | ४ | १ | ४.३४ | ३ | १५ |
| २ | ३६ | २० | १६ | ३ | २ | ५.५५ | १ | ६.२५ |
| ३ | ३१ | १६ | १५ | ४ | – | – | ४ | २६.६६ |
| ४ | ४२ | २० | २२ | २ | २ | १० | – | – |
| ५ | ५१ | २२ | २९ | ६ | – | – | ६ | २०.६८ |
| जम्मा | २०३ | १०१ | १०२ | १९ | ५ | – | १४ | – |

श्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिकामा, श्री पथरिया उच्च मा.वि. को २०६८ सालमा प्राथमिक तहमा विद्यालय छोडेको विवरण प्रस्तुत गरिएको हो । जस अर्न्तगत कक्षा १ मा भर्ना भएका जम्मा ४३ जना विद्यार्थीहरू मध्ये २३ जना छात्र र २० जना छात्रा रहेका थिए । ति मध्ये १ जना छात्र र ३ जना छात्राले विद्यालय छोडेको पाइयो । कक्षा २ मा भर्ना भएका जम्मा ३६ जना विद्यार्थीहरू मध्ये छात्र २० जना र १६ जना छात्रा रहेका थिए । ति मध्ये २ जना छात्र र १ जना छात्रा रहेका थिए । ति मध्ये ४ जना छात्राले मात्र विद्यालय छोडेको थिए । कक्षा ४ मा भर्ना भएका जम्मा ४२ विद्यार्थीहरू मध्ये २० जना छात्र र २२ जना छात्रा थिए । ति मध्ये २ जना छात्रले मात्र विद्यालय छोडेका थिए । त्यस्तै कक्षा ५ मा भर्ना भएका ५१ जना विद्यार्थीमध्ये २२ जना छात्र र २९ जना छात्रा थिए । जसमध्ये ६ जना छात्राले विद्यालय छोडेका थिए ।

**तालिका ४.११**

**२०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण**

| श्री लक्ष्मी प्रसाद देवकोटा नि.मा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **भर्ना भएका जम्मा वि.** | **छात्र** | **छात्रा** | **विद्यालय छोड्ने जम्मा वि.** | **छात्र** | **प्रतिशत** | **छात्रा** | **प्रतिशत** |
| १ | ५५ | ३५ | २० | २ | १ | २.८५ | १ | ५ |
| २ | ५० | २० | ३० | ५ | २ | २५ | ३ | १० |
| ३ | ४७ | ३० | १७ | - | - | - | - | - |
| ४ | ६१ | २८ | ३३ | १ | १ | ३.५७ | - | ३.०३ |
| ५ | ४५ | २५ | २० | ६ | २ | ८ | ४ | २० |
| जम्मा | २५८ | १३८ | १२० | १४ | ६ | - | ८ | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.११ अनुसार, २०६८ सालमा लक्ष्मी प्र. देवकोटा नि.मा.वि. मा कक्षा १ मा भर्ना भएका जम्मा ५५ जना विद्यार्थीमध्ये ३५ जना छात्र र २० जना छात्रा थिए । ति मध्ये १ जना छात्र र २० जना छात्रा थिए । ति मध्ये १ जना छात्र र १ जना छात्राले विद्यालय छोडेको पाइयो । त्यस्तै कक्षा २ मा भर्ना भएका जम्मा ५० जना विद्यार्थीमध्ये २० जना छात्र र ३० जना छात्रा थिए । ति मध्ये २ जना छात्र र ३० जना छात्रा थिए । ति मध्ये २ जना छात्र र ३ जना छात्राले विद्यालय छोडेका थिए । कक्षा ३ मा भर्ना भएका जम्मा ४७ जना विद्यार्थीहरू मध्ये ३० जना छात्र र १७ जना छात्र थिए । ति मध्ये कसैले पनि विद्यालय छोडेको पाइएन । त्यस्तै कक्षा ४ मा भर्ना भएका जम्मा ६१ जना विद्यार्थीहरू मध्ये २८ जना छात्र र ३३ जना छात्रा थिए । ति मध्ये १/१ जना छात्र छात्राले विद्यालय छोडेका थिए । कक्षा ५ मा भर्ना भएका जम्मा ४५ जना विद्यार्थी मध्ये २५ जना छात्र र २० छात्रा थिए । जसमध्ये २ जना छात्र र ४ जना छात्राले विद्यालय छोडेको थिए ।

तालिका ४.१२

२०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण

| श्री मोति मा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा | भर्ना भएका जम्मा वि. | छात्र | छात्रा | विद्यालय छोड्ने जम्मा वि. | छात्र | प्रतिशत | छात्रा | प्रतिशत |
| १ | ८५ | ४६ | ३९ | ७ | ३ | ६.५२ | ४ | १०.२५ |
| २ | ५२ | २७ | २५ | ३ | २ | ७.४० | १ | ४ |
| ३ | ७९ | ३९ | ४० | ६ | १ | २.५६ | ५ | १२.५ |
| ४ | ८० | ५३ | २७ | ५ | ३ | ५.६६ | २ | ७.४० |
| ५ | ५९ | ३२ | २७ | १ | १ | ३.१२ | - | - |
| जम्मा | ३५५ | १९७ | १५८ | २२ | १० | - | १२ | - |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

मीथको तालिका अर्न्तगत श्री मोती मा.वि. मा २०६८ सालमा प्राथमिक तहको कक्षा १ मा भर्ना भएका जम्मा ८५ जना विद्यार्थीहरू मध्ये छात्र ४६ जना र छात्रा ३९ जना रहेका थिए । ति मध्ये ३ जना र ४ जना छात्राले विद्यालय छोडेका थिए । त्यस्तै कक्षा २ मा भर्ना भएका जम्मा ५२ जना विद्यार्थीहरू मध्ये २७ जना छात्र र २५ जना छात्रा रहेका थिए । त्यस मध्ये २ जना छात्र र १ जना छात्राले विद्यालय छोडेका थिए । कक्षा ३ मा भर्ना भएका जम्मा ७९ जना विद्यार्थीहरू मध्ये ३९ जना छात्र र ४० जना छात्रा रहेका थिए । जसमध्ये १ जना छात्र र ५ जना छात्राले विद्यालय छोडेका थिए । त्यस्तै कक्षा ४ मा भर्ना भएका जम्मा ८० जना विद्यार्थीहरू मध्ये छात्र ५३ जना र छात्रा २७ जना थिए । ति मध्ये ३ जना छात्र र २ जना छात्राले विद्यालय छोडेको पाइयो । कक्षा ५ मा भर्ना भएका जम्मा ५९ जना विद्यार्थीहरू मध्ये ३२ जना छात्र र २७ जब छात्रा रहेका थिए । ति मध्ये १ जना छात्रले विद्यालय छोडेका थिए ।

### तालिका ४.१३

### २०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण

| श्री सरस्वती नि.मा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **भर्ना भएका जम्मा वि.** | **छात्र** | **छात्रा** | **विद्यालय छोड्ने जम्मा वि.** | **छात्र** | **प्रतिशत** | **छात्रा** | **प्रतिशत** |
| १ | ४२ | २७ | १५ | ३ | १ | ३.७० | २ | १३ |
| २ | ३५ | १९ | १९ | ९ | ५ | २६.३१ | ४ | २१ |
| ३ | ३९ | २१ | १८ | ५ | २ | ९.५२ | ३ | १६ |
| ४ | ३४ | २२ | १२ | १० | ५ | २२.७२ | ५ | ४१ |
| ५ | ४५ | २२ | २३ | ८ | ३ | १३.६३ | ५ | २१ |
| जम्मा | १९८ | १११ | ८.७ | ३५ | १६ | – | १९ | – |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१३ अनुसार सरस्वती नि.मा.वि.मा २०६८ सालमा १ कक्षामा भर्ना भएका जम्मा विद्यार्थी ४२ मध्ये १ जना छात्र र २ जना छात्राले विद्यालय छोडेका थिए । कक्षा २ मा भर्ना भएका जम्मा ३५ जना विद्यार्थीह मध्ये १९ जना छात्र र १९ जना छात्रा थिए । ति मध्ये ५ जना छात्र र ४ जना छात्राले विद्यालय छोडेका थिए । कक्षा ४ मा भएका जम्मा ३९ जना विद्यार्थीहरू मध्ये  २१ जना छात्र र १८ जना छात्रा थिए । ति मध्ये २ जना छात्र र ३ जना छात्राले विद्यालय छोडेका थिए । त्यस्तै कक्षा ४ मा भर्ना भएका जम्मा ३४ जना विद्यार्थीहरू मध्ये २२ जना छात्र र १२ जना छात्रा रहेका थिए । ति मध्ये ५ जना छात्र र ५ जना छात्राले नै विद्यालय छोडेको पाइयो । त्यस्तै कक्षा ५ मा भर्ना भएका जम्मा ४५ विद्यार्थीहरू २२ जना छात्र र २३ जना छात्रा थिए ति मध्ये ३ जना छात्र र ५ जना छात्राले विद्यालय छोडेका थिए ।

### तालिका ४.१४

### २०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको विवरण

| श्री आमवाडी प्रा.वि. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **भर्ना भएका जम्मा वि.** | **छात्र** | **छात्रा** | **विद्यालय छोड्ने जम्मा वि.** | **छात्र** | **प्रतिशत** | **छात्रा** | **प्रतिशत** |
| १ | ४५ | २६ | १९ | ७ | ३ | ११.५३ | ४ | २१.०५ |
| २ | ३६ | १९ | १७ | ३ | १ | ५.२६ | २ | ११.७६ |
| ३ | ४६ | ३० | १६ | १ | - | - | १ | ६.२५ |
| ४ | ३९ | २० | १९ | ३ | २ | १० | १ | ५.२६ |
| ५ | ५१ | ३५ | १६ | ६ | २ | ५.७१ | ४ | २५ |
| जम्मा | २१७ | १३० | ८७ | २० | ८ | - | १२ | - |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१४ अनुसार, के प्रष्ट हुन्छ भने २०६५ सालमा आमवाडी प्रा.वि. कक्षा १ मा भर्ना भएका जम्मा विद्यार्थी ४५ थिए ति मध्ये २६ जना छात्र र १९ जना छात्रा थिए । जसमध्ये ३ जना छात्र र ४ जना छात्राले विद्यालय छोडेका थिए । कक्षा २ मा भर्ना भएका जम्मा ३६ जना विद्यार्थीहरू मध्ये १९ जना छात्र र १७ जना छात्रा थिए । ति मध्ये १ जना छात्र र २ जना छात्राले विद्यालय छोडेका थिए । त्यस्तै कक्षा ३ मा भर्ना भएका जम्मा ३९ जना विद्यार्थीहरू मध्ये २० जना छात्र र १६ जना छात्रा थिए । जसमध्ये १ जना छात्राले मात्र विद्यालय छोडेका थिए । कक्षा ४मा भर्ना भएका जम्मा ३९ जना विद्यार्थीहरू मध्ये २० जना छात्र र १ जना छात्राले विद्यालय छोडेका थिए । कक्षा ५ मा भर्ना भएका जम्मा ५१ जना विद्यार्थीहरू मध्ये ३५ जना छात्र र १६ जना छात्रा थिए । ति मध्ये २ जना छात्र र ४ जना छात्राले विद्यालय छोडेको पाइयो ।

यसरी नमुनाका रूपमा छनोट भएका ५ वटा विद्यालय (श्री पथरिया उच्च मा.वि., श्री लक्ष्मी प्रसाद देवकोटा नि.मा.वि., श्री मोती मा.वि., श्री सरस्वती नि.मा.वि. तथा आमवाडी प्रा.वि.) मा तुलनात्मक रूपमा हेर्दा छात्रहरू बढी संख्यामा रहेको पाइयो । त्यस्तै छात्राहरूको संख्या कम थियो । विद्यालय छोड्ने संख्या पनि छात्राहरूको नै बढी थियो । यसरी यी विद्यालयहरूमा छात्रभन्दा छात्राहरूको संख्या कम हुनुका कारणहरूमा सो ठाउँमा

आदिवासी, जनजातिको बसोबास रहेकाले उनीहरूमा शिक्षाप्रति सचेतनाको कमी, छोरा छोरीप्रति गरिने लैगिंक विभनेदले गर्दा उनीहरूले छोरीलाई कमै मात्रामा विद्यालय पढाएको पाइयो ।

यसरी तालिकाहरूबाट आएको सुझावलाई अझ प्रष्ट रूपले बुझ्न सक्ने बनाउनका लागी यसलाई सालगत र कक्षागत रूपले तालिकावद्ध गरी देखाइएको छ ।

**तालिका ४.१५**

**२०६७ र २०६८मा कक्षा छोड्ने विद्यार्थी**

| साल | जम्मा सं. | प्रतिशत | केटा | प्रतिशत | केटी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०६७ | ९४ | ८.२३ | ३१ | ५.०३ | ६३ | ११.९ |
| २०६८ | ११० | ८.९३ | ४५ | ६.६४ | ७.६५ | ११.७३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१५ मा २०६७ सालमा विद्यालयमा भर्ना भई विद्यालय छोडेका विद्यार्थीको संख्या ९४ (८.२३ प्रतिशत) रहेको पाइयो । सोही सालमा ३१ जना छात्र (५.०३ प्रतिशत) र ६३ जना छात्राले (११.९ प्रतिशत) विद्यालय छोडेको पाइयो । त्यस्तै २०६८ सालमा भर्ना भएका विद्यार्थीहरू मध्ये ११० (८.९३ प्रतिशत) जना विद्यार्थीले विद्यालय छोडेका थिए । जसमा केटाहरू ४५ जना (६.६४ प्रतिशत) र केटीहरू ६५ जना (११.७३ प्रतिशत) ले विद्यालय छोडेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने उक्त विद्यालयमा विद्यालय छोड्न बालबालिकाहरू हेर्दा सवै सालमा छात्रको तुलनामा छात्रा बढी रहेको पाइयो ।

### ४.२.२ शैक्षिक वर्ष २०६७ र २०६८ सालको श्री पथरिया उच्च मा.वि., श्री लक्ष्मी प्रसाद देवकोटा उच्च मा.वि., श्री मोती मा.वि., श्री आमवाडी प्रा.वि. र श्री सरस्वती नि.मा.वि. को तुलनात्मक विवरण (Comparative Seven Schools annual of 2067, 2068 Reports)

यस अध्ययनका लागि प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाको वर्तमान अवस्था पत्ता लगाउन झापा जिल्ल पथरिया गा.वि.स.को ५ वटा विद्यमानहरू श्री पथरिया

गा.वि.स.को ५ वटा विद्यालयहरू श्री पथरिया उच्च मा.वि., श्री लक्ष्मी प्रसाद देवकोटा मा.वि., श्री मोती मा.वि., श्री आमवाडी प्रा.वि. र श्री सरस्वती नि.मा.वि.को विद्यालयमा प्राथमिक तह पुरा नगरी बिचैमा विद्यालय छोड्ने बालबालिको विवरण क्रमशः तलको तालिकामा तुलनात्मक रूपमा विश्लेषण गरिएको छ। माथि उल्लेखित विद्यालयका २०६७ र २०७१ सालको शैक्षिक तथ्याङ्कलाई तलको तालिकाबाट तुलनात्मक रूपमा विश्लेषण गरिएको छ।

**तालिका ४.१६**

**शैक्षिक वर्ष २०७१ र २०७१ सालको श्री पथरिया उच्च मा.वि., श्री लक्ष्मी प्रसाद देवकोटा मा.वि., श्री मोती मा.वि., श्री आमवाडी प्रा.वि. र श्री सरस्वती नि.मा.वि.को विद्यार्थी विवरण**

| विद्यालयको नाम | वर्ष | जम्मा वि. संख्या | छात्र | छात्रा | विद्यालय छोड्ने विद्यार्थी संख्या | छात्र | छात्रा |
|---|---|---|---|---|---|---|---|
| श्री पथरीया उच्च मा.वि. | २०७० | १९५ | १०३ | ९२ | १९ | ५ | १४ |
| | २०७१ | २०३ | १०१ | १०२ | १९ | ५ | १४ |
| श्री लक्ष्मी प्र.दे. मा.वि. | २०७० | २४० | १३७ | १०३ | २० | ५ | १५ |
| | २०७१ | २५८ | १३८ | १२० | १४ | ६ | ८ |
| श्री मोती मा.वि. | २०७० | २४४ | १४० | १०४ | १८ | ७ | ११ |
| | २०७१ | ३५५ | १९७ | १५८ | २२ | १० | १२ |
| श्री आमवाडी प्रा.वि. | २०७० | २२० | १११ | ११० | २२ | ६ | १६ |
| | २०७१ | १९८ | १११ | ८७ | ३५ | १६ | १९ |
| श्री सरस्वती नि.मा.वि. | २०७० | २४३ | १२६ | ११७ | १५ | ८ | ७ |
| | २०७१ | २१७ | १३० | ८७ | २० | ८ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२।

माथिको तालिका ४.१६ मा छनोटमा परेका ५ वटा विद्यालय मध्ये श्री पथरिया उच्च मा.वि.मा २०७० सालमा भर्ना भएका जम्मा १९५ जना विद्यार्थीहरू मध्ये १०३ जना छात्र र ९२ जना छात्रा रहेको थिए। जसमध्ये ५ जना छात्र र १४ जना छात्राले विद्यालय

छोडेका थिए । त्यस्तै श्री लक्ष्मी प्र. देवकोटा मा.वि.मा प्राथमिक तहमा भर्ना भएका २४० जना विद्यार्थी मध्ये १३७ जना छात्र र १०३ छात्रा थिए । जसमध्ये विद्यालय छोड्ने जम्मा २० जनामा ५ जना छात्र र १५ जना छात्रा थिए । मोती मा.वि.मा भर्ना भएका २४४ जना विद्यार्थीहरू मध्ये १४० जना छात्र र १०४ जना छात्रा रहेका थिए । जसमध्ये १८ जनाले विद्यालय छोडेको पाइयो । जसमा छात्र ७ जना छात्रा ११ जना रहेका थिए ।

त्यस्तै सरस्वती नि.मा.वि. मा भर्ना भएका जम्मा २२० विद्यार्थीहरू मध्ये छात्र ११० जना र छात्रा ११० जना रहेका थिए । ति मध्ये २२ जना छात्र छात्राले विद्यालय छोडेका थिए । जसमा ६ जना छात्र र १६ जना छात्रा थिए । आमवाडी प्रा.वि.मा भर्ना भएका जम्मा २४३ जना विद्यार्थीहरू मध्ये १२६ जना छात्र र ११७ जना छात्रा रहेका थिए । ति मध्ये ८ जना छात्र र ७ जना छात्राले विद्यालय छोडेका थिए ।

त्यस्तै २०७१ सालको विवरण अनुसार श्री पथरिया उच्च मा.वि.मा प्राथमिक तहमा भर्ना भएका जम्मा २०३ विद्यार्थीहरू मध्ये १०१ छात्र र १०२ छात्रा थिए । जसमा ५ जना छात्र र १४ जना छात्राले विद्यालय छोडेका थिए । त्यसरी नै श्री लक्ष्मी प्र. देवकोटा मा. वि.मा प्राथमिक तहमा भर्ना भएका जम्मा २५८ जना विद्यार्थीहरू मध्ये १३५ जना छात्र र १२० जना छात्रा थिए । ति मध्ये ६ जना छात्र र ८ जना छात्राले विद्यालय छाडेका थिए । त्यस्तै श्री मोती मा.वि.मा भर्ना भएका ३५५ जना विद्यार्थीहरू मध्ये १९७ जना छात्र र १५८ जना छात्रा रहेका थिए । ति मध्ये १० जना छात्र र १२ जना छात्राले विद्यालय छोडेका थिए । त्यस्तै सरस्वती नि.मा.वि.मा भर्ना भएका १९८ जना विद्यार्थीहरू मध्ये १११ जना छात्र र ८७ जना छात्रा रहेका थिए । जसमध्ये १६ जना छात्र र १९ जना छात्राले विद्यालय छोडेको पाइयो । अन्त्यमा आमवाडी प्रा.वि.मा भर्ना भएका २१७ जना विद्यार्थीहरू मध्ये १३० जना छात्र र ८७ जना छात्रा रहेका थिए । ति मध्ये ८ जना छात्र र १२ जना छात्राले विद्यालय छोडेको पाइयो ।

यसरी ५ वटा विद्यालयमा २ वर्षभित्र (०७०, ०७१) प्राथमिक तहमा भर्ना भएका विद्यार्थी विवरण हेर्दा छात्र संख्या धेरै रहेको पाइयो । जसमा विद्यालय छोड्ने संख्यालाई हेर्दा प्रत्येक विद्यालयमा छात्राहरूकै संख्या बढी रहेको यस अध्ययनले देखाएको पाइयो ।

## ४.३ विद्यालय छोडेका बालबालिकाहरूको पारिवारिक र आर्थिक अवस्था (Dropout Students for Family and Economic Condition)

घरपरिवार बालबालिकाको पहिलो विद्यालय हो । जहाँ उनीहरूले नैतिकता, आचरण, सामाजिकता साथसाथै दया, माया, प्रेम, स्नेह आदि कुराहरू सिक्ने गर्दछन् । जुन परिवारका बालबालिकाहरूको संख्या थोरै हुन्छ, त्यो परिवारका बालबालिकाको उचित गुणस्तरीय शिक्षा दिक्षा लालनपालन राम्रो हुन्छ तर जुन परिवारमा बालबच्चा धेरै छन् । परिवारको आकार पनि ठूलो हुन्छ । त्यो परिवारका बालबालिकाहरूको न त उचित लालनपालन हुन्छ न त उचित शिक्षा दिक्षा नै प्राप्त गर्न सक्छन् । यसले गर्दा बालबालिकाहरूको शैक्षिक अवस्थामा प्रभाव पर्छ ।

जुन परिवारको आर्थिक अवस्था कमजोर हुन्छ । त्यो परिवारको घरको वातावरण पनि त्यस्तै अभावले ग्रस्त हुन्छ । आर्थिक अभावले बालबालिकालाई विद्यालय जान उत्प्रेरित गर्नुको साटो विद्यालय शिक्षाबाट बञ्चित गराएको हुन्छ । परिवारको आर्थिक अवस्थाले बालबालिकाको शैक्षिक अवस्थालाई पनि निर्देशन गरिरहेको हुन्छ । धनी परिवारमा जन्मिएको बच्च महङ्गो विद्यालय जहाँ राम्रा शिक्षक छन् त्यहाँ गएर पढ्न सक्षम हुन्छ । तर एउटा गरीब परिवारमा जन्मिएको बच्चा अभावै अभावमा जिन्दगी विताउँदै ज्ञान प्राप्त गर्नका साटो सरकारी विद्यालयमा पढ्न नसकेर विद्यालय छोड्न बाध्य हुन्छन् । यस प्रकार पारिवारिक तथा आर्थिक कारणले बालबालिकाको शिक्षामा पर्ने प्रभावलाई अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कको आधारमा निम्न अनुसार उल्लेख गरिएको छ ।

### ४.३.१ बालबालिको पारिवारिक अवस्था र यसले शिक्षामा पारेको प्रभाव (Impacts of Condition of Children's Family Background of Education)

यस अध्ययनमा छनोटमा परेका बालबालिकाहरूको घरमा गई उनीहरूका अभिभावकहरू मार्फत विभिन्न प्रश्नहरूको आधारमा आवश्यक तथ्याङ्क संकलन गरी पारिवारिक पृष्ठभूम जस्ता कुराहरूको अध्ययन गरिएको थियो । साथै परिवारको किसिम, पेशा जस्ता कुराहरूले बालबालिकाहरूको शिक्षामा पार्ने प्रभावहरूको समेत अध्ययन गरिएको थियो । जसलाई तल उल्लेख गरिएको छ ।

## परिवारको किसिम

बालबालिकाले पाउने शिक्षाको गुणस्तर परिवारको आकारमा निर्भर गर्छ। परिवारमा जति कम मात्रामा बालबालिकाहरू हुन्छन्। त्यति नै ति बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्छन् भने परिवारमा बढी बालबालिका छन् र उनीहरूको आर्थिक अवस्था पनि कमजोर छ भने त्यति नै शिक्षाको अवसरबाट बञ्चित हुन्छन्। यस अर्थमा के भन्न सकिन्छ भने एकल परिवारमा परिवारको अवस्था अनुसार बालबालिकालाई गुणस्तरीय शिक्षा दिन सकिन्छ भने सो परिवारमा बालबालिकाले विद्यालय छोड्ने प्रथा पनि कम हुन्छ। संयुक्त परिवारमा भने बालबालिकाहरू धेरै हुने र परिवारको आकार पनि ठूलो हुने भएकाले एकल परिवारको भन्दा कम गुणस्तरीय शिक्षा पाउने गर्छन र विद्यालय छोड्ने प्रथा पनि संयुक्त परिवारमा बढी रहेको पाइयो। छनोट गरेका बालबालिकाको परिवारको संरचनालाई तलको तालिकामा देखाइएको छ :

**तालिका ४.१७**

**विद्यालय छोडेका बालबालिकाको परिवारको किसिम**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ५५ | २६.९६ |
| संयुक्त परिवार | १४९ | ७३.०३ |
| जम्मा | २०४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२।

माथिको तालिकालाई विश्लेषण गर्ने हो भने नमुनाका रूपमा छनोट गरिएका २०४ जना र १४९ जना संयुक्त परिवारका रहेका पाइयो। यसबाट के देखिन्छ भने एकल परिवार भन्दा संयुक्त परिवारका बालबालिकाहरूले बढी विद्यालय छोडेको पाइयो। अभिभावक र विद्यार्थीहरूका अनुसार संयुक्त परिवारमा बालबालिकाले बढी मात्रामा विद्यालय छोड्नुको कारामा संयुक्त परिवारमा बालबालिकाहरूको संख्या धेरै हुने हुँदा विद्यालय पढ्न जानुको सट्टा आफ्ना भाइ बहिनी हेर्ने गर्दछन्। जहाँ थोरै संख्याको परिवार छ सो परिवारमा दुःख गरेरै भए पनि बालबालिकालाई शिक्षा दिन बाबु आमा तयार हुन्छ तर धेरै सदस्य वा बाल बच्चा भएको परिवारमा बाबु आमाले जति दुःख गरेर आफ्ना छोरा छोरीलाई खान दिन

सक्दैन् । जसले गर्दा आफ्ना छोराछोरीलाई कापी कलम किनेर विद्यालय पठाउने त कुरै भएन । यसर्थ के भन्न सकिन्छ भने परिवारको आकारले पनि बच्चाको शिक्षा प्रभावित छ ।

### परिवारको पेशा

आफ्नो आर्थिक स्तर उकास्न, आफ्नो दैनिक जीवन निर्वाह गर्न मानिसहरूले विभिन्न पेशाहरू, व्यवसाय अँगालेका हुन्छन् । हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको परिपेक्षमा भन्ने हो भने आमाबाबुले अँगालेको पेशामा छोराछोरीहरू पनि संलग्न भएका हुन्छन् । परिवारको पेशाले पनि बालबालिकाको शिक्षामा प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । जस्तो कि कुनै गरीव परिवारमा जन्मिएको बच्चाले, बाबुआमाले बिहान, बेलुकीको छाक टार्न मजदुरी, ज्यालामा काम गरिरहेको हुन्छन् भने ऊ पनि अर्काको घरमा काम गर्न जान बाध्य हुन्छ, जसले गर्दा ऊ विद्यालय जान सक्दैन् । हाम्रो जस्तो कृषिप्रधान देश जहाँका अधिकांश जनता कृषिमा आधारित छन, उनीहरूले खेतीपातीको काम गर्ने गर्छन् । जसले गर्दा बालबालिकाहरूले आमाबाबुलाई सघाउनुपर्ने हुन्छ, त्यसैले गर्दा उनीहरू विद्यालय छोड्न बाध्य हुन्छन् ।

### धर्म र राजनीति

अध्ययन गरिएको क्षेत्रमा अधिकांश मानिसहरू हिन्दु धर्मावलम्वी पाइएको थियो । अभिभावक, शिक्षक, प्र.अ.का अनुसार धर्म र राजनीतिका कारण बालबालिकाको शिक्षामा खासै असर नपुगेको प्रतिक्रिया दाताहरूको भनाइ थियो ।

### अभिभावकहरूको शैक्षिक अवस्था

यस अध्ययनमा अभिभावकहरूको शैक्षिक अवस्थाले बालबालिकाको अध्ययनमा के-कस्तो प्रभाव पार्छ भनी अभिभावकको शैक्षिक अवस्थाको अध्ययन गरिएको थियो । शिक्षाले व्यत्तिलाई चेतना तर्फ उन्मुख गराएको हुन्छ । जुन परिवारमा शिक्षित आमाबाबा हुन्छन् त्यस परिवारका बच्चाहरू पनि सभ्य तथा शिक्षित हुन्छन् किनकि उनीहरूले आफ्नो बा-आमाबाट राम्रै शिक्षा, पाउँछन् र उनीहरूले आफ्ना सन्ततीको उज्ज्वल भविष्यका लागि दुःख गरेर भएपनि राम्रै विद्यालयमा अध्ययन गर्न पठाउँछन् । तर यदि परिवारमा अभिभावक नै अशिक्षित छन् भने उनीहरूले आफ्ना बालबालिकालाई विद्यालय पठाउनुको सट्टामा

अर्काको घरमा काम गर्न पठाउँछन् । त्यसैले अभिभावकको शैक्षिक अवस्थाले बालबालिकाको शिक्षामा असर पर्छ ।

### ४.३.२ बालबालिकाको आर्थिक अवस्था र यसले शिक्षामा परेको प्रभाव (Economic Condition of Childrens and Impacts of Education)

व्यक्तिलाई दैनिक आवश्यकता परिपूर्ति गर्नका लागि आर्थिक अवस्थ पनि राम्रो हुनुपर्छ । बालबालिकाको शैक्षिक अवसरमा आर्थिक अवस्थाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कार्लमार्क्सका अनुसार जुन व्यक्तिको आर्थिक अवस्था मजवुद छ त्यस परिवारका बालबालिकाहरूको शैक्षिक अवस्था राम्रो हुन्छ । जुन परिवारको आर्थिक अवस्था कमजोर छ । त्यस परिवारका बालबालिकाले राम्रो शिक्षा पाउनु त टाढा कै कुरा हुन जान्छ किनकी उनीहरूका आमा बाबाले उनीहरूलाई आर्थिक अभावका कारण साधारण स्कुलमा भर्ना गर्न पनि सक्दैनन् । यस अध्ययन क्षेत्रमा समावेश भएका बालबालिकाको आर्थिक अवस्था पनि समान देखिदैंन् । जुन परिवारमा जग्गा जमिन बढी छ, त्यस्तो परिवारलाई आवश्यक पर्ने खाद्य पर्दाथ आफ्नै जमिनबाट प्राप्त हुन्छ र उनीहरूले अरूको मजदुरी गर्न जानु पर्दैन, साथै बचेको अन्नपात बेचेर पनि आफ्नो आम्दानी बढाएको छन् । तर कम जग्गा जमिन भएका र आम्दानीका अन्य कुनै स्रोतहरू जस्तैः रोजगारी, पनि नभएका परिवारमा आÇनो दैनिक आवश्यकता पूरा गर्न गाह्रो पर्ने हुँदा उनीहरूले आÇना बालबलिकालाई अर्काको बरमा मजदुरी गर्न लगाउछन् ।

यसरी परिवारको आर्थिक अवस्था पनि बालबालिकाको शिक्षाका लागि प्रमुख कारण बन्न जान्छ ।

## ४.४ प्राथमिक तहमा विद्यालय छोड्नुका कारणहरू (Causes of Dropout students in Primary Level)

प्राथमिक तहमा विद्यालय छोड्नुका करणहरू मध्ये विद्यालयको कारणहरू चार भागमा विभाजन गरी अध्ययन गरिएको छ । यस अन्तर्गत विद्यालयको कारण, आर्थिक कारण व्यक्तिगत कारण, पारिवारिक कारणहरूको गहन अध्ययन गर्नका लागि छनौटमा परेका प्र.अ. शिक्षक, बालबालिकाहरू तथा तिनीहरूका अभिभावकहरूसँग अर्न्तवार्ता

सूचीका सहयताले तथ्याङ संकलन गरिएको थियो । जुन प्राप्त सूचनालाई विभिन्न तालिकाको माध्यमबाट देखाइएको छ ।

### ४.४.१ विद्यालय सम्बन्धी कारणहरू (Causes of School)

प्राथमिक तहमा विद्यालय छोड्नुका कारणहरूमा विद्यालयको कारणलाई प्रमुख मान्न सकिन्छ । विद्यालयमा पर्याप्त शौक्षिक सामग्री, भौक्तिक सामग्री, विद्यालयको वातावरण, विद्यालयको दूरी आदि जस्ता करणले बालबालिकाहरू बिचैमा विद्यालय छोड्नु पर्ने अवस्था सृजना हुने गर्छ । यस अध्ययनमा बालबालिकाहरूले दिएको प्रतिकृयाको आधारमा उनीहरूले विद्यालय छोड्नुपर्ने कारणहरू पत्ता लगाइएको थियो जसलाई तालिकामा उल्लेख गरिएको छ।

**तालिका ४.१८**

| क्र.स. | विद्यालय सम्बन्धी करणहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बस्ने ठाँउ राम्रो नभएर | ३० | १४.७० |
| २. | विद्यालय टाढा भएर | १०५ | ५१.४७ |
| ३. | शिक्षकले पिटेर | २५ | १२.२५ |
| ४. | शिक्षकले सोधेको प्रश्नको जवाफ दिन नसकेर | ३० | १४.७० |
| ५. | शिक्षकले वेवास्ता गरेर | १४ | ६.८६ |
| | जम्मा | २०४ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

तालिका ४.१८ अनुसार बालबालिकाहरूले बिचैमा विद्यालय छोड्नु पर्ने प्रमुख कारणहरूमा विद्यालय टाढा भएर ५१.४६∞ विद्यार्थीहरूले विद्यालय छोड्नु पर्ने कारण बताए । त्यसैगरी बस्ने ठाउँ राम्रो नराम्रो भएर १४.७०∞, शिक्षकले पिटेर १२.२५∞, शिक्षकले सोधेको प्रश्नको जवाफ दिन नसकेर १४.७०∞ र शिक्षकको कम वास्ता गरेर ६.८६∞ बालबालिकाले विद्यालय छोडनु परेको बताए ।

### ४.४.२ आर्थिक करणहरू (Causes of Economics)

यस अध्ययन क्षेत्रमा छनौट भएका अभिभावकहरू तथा बालबालिकाहरूको प्रमुख पेशा कृषि र मजदूरी रहेको छ । यहाँका निम्न जातका मानिसहरू मज दूरी गरेर कष्टपूर्ण

जीवन यापन गरिरहेका अवस्था छ । बालबालिकाहरूले बिचैमा छोड्नु पर्ने आर्थिक कारणहरू मध्ये उनीहरूबाट आएको प्रतिकृयालाई तालिका नं. ४.१५ मा उल्लेख गरिएको छ ।

**तालिका ४.१९**

| क.स. | आर्थिक करणहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भर्ना शूल्क तिर्न नसकेर | ७५ | ३६.७६०० |
| २. | कापी कलम किन्न नसकेर | ४५ | २२.०५०० |
| ३. | विद्यालयको पोशाक नभएर | ५० | २४.५०००० |
| ४. | पैसको लागि काम गर्नु परेर | १५ | ७.३५०० |
| ५. | घरायसी काम गर्नु पर्ने भएर | १९ | ९.३१०० |
| | | २०४ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका अनुसार विद्यालय छोड्नुका व्यक्तिगत कारणहर मध्ये परीक्षामा असफल भएर सबैभन्दा बढी ७० जना (३४.३१००) बालबालिकाहरूले विद्यालय छोडेकी प्रतिकृया पाइयो । त्यसैगरी उमेरको कारणले ४५ जना (२२.०५००) ले विद्यालय छोडेका पाइयो । त्यसरी नै भाषा नबुझेर २५ जनाले (१२.२५००) विद्यालय छोडेका थिए । त्यसै विरामी भएर, दुर्घटनामा परेर पनि विद्यालय छोडेकी प्रतिकृया पाइयो । यसरी समग्रमा के देखिन्छ, भने बालबालिकाहरूले विभिन्न कारणले विद्यालय छोड्ने गरेको गरेको भएता पनि मुख्य कारण चाहिँ परीक्षामा असफल भएर विद्यालय छोडेको पाइयो ।

### ४.४.३ प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरू बारे प्रधानाध्यपक तथा शिक्षकहरूबाट आएका प्रतिकृयाहरू (Responses of in Primary Level Students droupout casues for Headmaster and Teachers)

यस अध्ययनमा परेको ५ वटै माध्यमिक विद्यालयहरू मा रहेका प्र.अ. र प्राथमिक तहमा अभ्यापन गराउने शिक्षक शिक्षिकाबाट प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरू सम्बन्धमा प्राय : सबैको एउटै धारणा रहेको पाइयो । शिक्षकहरू बाट आएका प्रतिकृया वा उनीहरूको धारणालाइ बुद्धागत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

- अभिभावकको कमजोर आर्थिक अवस्था ।

- विद्यालयको दूरी टाढा हुनु ।
- अभिभावकमा शैक्षिक सचेतना को हामी हुनु ।
- बाटोघाटोको असुविधा हुनु ।
- अभिभावक आफैले बालबालिका लाइ विद्यालय पठाउन हेल चेक्राइ गर्नु ।
- परिवारको संख्या धेरै हुनु ।
- समाजमा जातिगत भेदभाव छुवाछुत जस्ता कूरीतिलाई प्रोस्त्साहित गर्नु ।
- समाजमा लैङिक विभेदीकरण हुनु ।
- विद्यालयको वातावरण राम्रो नहुनु ।
- विद्यार्थीले पढाइमा ध्यान नदिनु ।
- बालबालिकाले घरायसी काम गर्नुपर्ने भएर ।
- बढी उमेर भएका बालबालिका विद्यालय जान लाज मान्ने प्रवृति ।
- सरकार पक्षबाट निशुल्क प्राथमिक शिक्षा भएता पनि गरीब बालबालिकाहरूको आर्थिक कठीनाइ बुझ्न नसक्नु
- विद्यालयमा पर्याप्त शैक्षिक सामग्री नभएर
- बालबालिकाहरूको मातृभाषी अनुरुप शिक्षण गर्न नसक्नु ।

## ४.५ विद्यालय छोड्ने दर घटाउने उपायहरू (Solutions of Decreases School Drouput Rate)

विद्यार्थीहरूलाई विद्यालयमा पून : भर्ना गर्न के गर्न सकिन्छ भन्ने प्रश्नको जवाफमा प्र.अ. शिक्षक शिक्षिका, अभिभावकहरू र विद्यार्थीहरूसँग छुट्टाछुट्टै अर्न्तरवार्ता प्रश्नावलीमा निम्न किसिमका सुझाव सम्बन्धि प्रतिकृया दिए जसलाइ तल उल्लेख गरिएको छ :

### ४.५.१ विद्यालय छोडेका बालबालिकाहरू पून : विद्यालय जाने सम्बन्धमा उनीहरूका दृष्टिकोण

अध्ययन छनौटमा परेका बालबालिकाहरूलाई तपाईंहरू पून : विशाल कस्तो भए जान सक्नु हुन्छ भन्ने प्रश्नको जवाफमा उनीहरूबाट आएका प्रतिकृयाहरू निम्न अनुसार उल्लेख गरिएको छ :-

**बालबालिका प्रतिकृया**

- आर्थिक अवस्था राम्रो भएमा
- विद्यालय नजिक भए
- विद्यालय र घरमा पढ्ने वातावरण राम्रो भए ।
- पारिवारिक, समाजिक अवस्था राम्रो भए ।
- स्वास्थ्य स्थिति राम्रो भएमा

### ४.५.२ अभिभावकले दिएको सुझावका आधारमा विद्यालय छोड्ने समस्या कम गर्ने उपाय :

प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकाको अवस्था पहिचान गर्न वर्तमान अभिभावकहरूलाई पनि प्रतिकृया दाताको रुपमा लिइएको थियो । बालबालिकालाई नियमित विद्यालय पठाउनु अभिभावकको कर्तव्य हो । छनौटमा परेका बालबालिकाले बिचैमा विद्यालय छोड्ने कारणहरूलाइ घटाउन अभिभावहरूबाट निम्न प्रतिकृया प्रात्त भएको थियो । उनीहरूका अनुसार बालबालिकाहरूले विद्यालय छोड्न नदिन निम्न उपायहरू अपनाउन सकिन्छ :

1 गरिब अभिभावकहरूको आर्थिक अवस्था उकास्नका लागि विभिन्न किसिमका रोजगारीका अवसर दिनुपर्छ ।

2 समाजमा जातिय भेदभावको अन्त्य गरिनुपर्छ ।

3 निरक्षर अभिवाकलाइ शैक्षिक चेतनामूलक कार्यक्रमहरू संचालन गरिनुपर्छ ।

4 गरीब विद्यार्थीलाई शत प्रतिशत छात्रवृति दिनुपर्छ ।

5 कमजोर अवस्थाका बालबालिकालाइ विद्यालय पोशाक, कापी किताब उपलब्ध गराउनु पर्छ ।

6 आÇनै मातृभाषामा पढ्ने वातावरण मिलाइदिनु पर्छ ।

7 बाटो घाटो, पुल आदिका व्यवस्था हुनुपर्छ ।

8 कमजोर विद्यार्थीका लागि अतिरिक कक्षाको व्यवस्था गर्नुपर्छ ।

9 शिक्षाले सबै विद्यार्थीलाइ समस्त व्यवहार गर्नुपर्छ ।

### ४.५.३. प्रधानाध्यापक र शिक्षकले दिएको सुझावहरूका आधारमा विद्यालय छोड्ने समस्या कम गर्ने उपायहरू

बालबालिकाले प्राथमिक तहमा बिचैमा विद्यालय छोडने कारणबारे आवश्यक सूचना संकलन गर्नका लागि प्र.अ तथा शिक्षकहरूलाई समेत सूचना दाताको रुपमा लिइएको थियो। उनीहरू बाट प्राप्त प्रतिकृयालाई हेर्दा बारलबालिकाले बिचैमा छोड्ने कारणहरूमा परिवारको आर्थिक अवस्था, शैक्षिक चेतना, परिवारको किसिम, लैगिक विभेद, विद्यालयको वातावरण, भाषा समस्या जस्ता कारणहरू प्रमुख रहेको प्रतिक्रिया रहेका थिए । जसलाई बुँदागत रुपमा टिपोट गरिएको छ ।

- अभिभावकमा शैक्षिक चेतना अभिवृद्धि गर्नुपर्ने ।
- गरीब परिवारको आर्थिक अवस्था सुधारगर्न रोजगारीका अवसर प्रधान गर्नुपर्ने ।
- आर्थिक अवस्था कमजोर हुने बालबालिका लाइ पोशाक, कापीकलम, खाद्यान्नको व्यवस्था मिलाउनुपर्ने ।
- अभिभावकमा सानो परिवारको धारणा विकास गराउने ।
- शिक्षकले सबै विद्यार्थीलाइ समान व्यवहार गर्नुपर्ने ।
- मातृभाषा शिक्षा प्रदान गरिनुपर्ने ।
- राजनैतिक अस्थिरताको अन्त्य गरिनुपर्ने ।
- लैंगिक असमानताको अन्त्य गरिनुपर्ने
- समाजमा शैक्षिक चेतनामूलक कार्यक्रमहरू समयसमयमा सञ्चान गरिनुपर्ने ।
- विद्यार्थी केन्द्रित विधिमा शिक्षकले शिक्षण गराउन जोड दिनुपर्ने ।
- विद्यालय नछोड्नका लागि विद्यार्थीलाइ आवश्यक पृष्ठपौषण दिनुपर्ने ।
- प्राथमिक शिक्षालाई अनिवार्य गरिनुपर्ने ।
- पाठ्यक्रमलाई सामाजिक परिवेश परिमार्जित गर्दै लैजानुपर्ने ।
- विद्यालय छोडेका बालबालिकालाइ शिक्षाको महŒव बुझाइ पून : विद्यालय आउन आवश्यक सल्लाह सुझाव प्रदान गर्नुपर्ने हुन्छ ।

## ४.६ सांरश (Summary)

प्राथमिक तहमा बालबालिकाले बिचैमा विद्यालय छोड्ने कारण र परिवारको आर्थिक अवस्था अध्ययन गर्नका निमित्त समस्याको पहिचान, उद्देश्य निर्धारण, नमुना छनौट, तथ्याङक संकलन र विश्लेषणबाट प्राप्त उपलब्धिहरूलाई उद्देश्य बमोजिम समेटिएको छ । यस अध्ययनका प्रप्तिहरू निम्न अनुसार रहेका थिए ।

- छनौटमा परेका ५ वटा विद्यालयहरूमा प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकामा ०७० सालमा ९४ र २०७२ मा ११० जनाले विद्यालय छोडेको पाइयो ।
- प्राथमिक तहमा भर्ना भइ विद्यालय छोड्ने जम्मा विद्यार्थीहरू मध्ये २०७० सालमा ३१ जना छात्र र ६३ जना छात्राले विद्यालय छोडेको पाइयो भने २०७१ सालमा ४५ जना छात्र र ६५ जना छात्राले विद्यालय छोडेको पाइयो ।
- प्राथमिक तहमा छात्र ले भन्दा छात्राहरूले बढीमात्रामा विद्यालय छोडेको पाइयो ।
- प्राथमिक तहमा विद्यालय छोडेका बालबालिका मध्ये ५५ जना एकल परिवार १४९ जना संयुक्त परिवारका रहेका पाइयो ।
- प्राथमिक तहमा बालबालिकाले विद्यालयल छोड्ने कारणहरूमा सबैभन्दा प्रमुद कारण कमजोर आर्थिक अवस्था रहेको पाइएको थियो भने समाजमा हुने जातिगत भेदभाव, लैंगिक विभेद, निरक्षर, अभिभावक, छात्रवृत्तिको व्यवस्था नगरिनु, आÇनो मातृभाषामा पढ्न अनुकूल नहुने जस्ता कारणहरू रहेको पाइयो ।

# अध्याय : पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष र सुझावहरू (Conclusion and Recommendation)

### ५.१. निष्कर्ष (Conclusion)

प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरूले वर्तमान अवस्था अध्ययन गर्न पथरिया गा.वि.स मा रहेका ५ वटा सरकारी विद्यालयहरूको स्थालगत भ्रमण गरी निर्माण गरिएको अध्ययन सामग्रीहरूको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरी निम्न निष्कर्ष निकालिएको थियो ।

प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरूमा छात्रहरू भन्दा छात्राहरू बढी रहेको पाइयो । त्यस्तै एकल परिवारमा कम र संयुक्त परिवारमा बढी बालबालिकाहरूले विद्यालय छोडेको पाइयो । साक्षर भन्दा निरक्षर अभिभावकका बालबालिकाहरूको विद्यालय दर बढी देखियो । बालबालिकाहरूले विद्यालय छोड्ने कारणहरूमा आर्थिक कारण प्रमुख रहेको पाइयो । त्यसका साथै पारिवारिक व्यक्तिगत तथा सामाजिक कारणहरू पनि रहेको पाइयो । जसमा शैक्षिक सामग्री किन्न नसक्नु, भर्ना शुल्क तिर्न नसक्नु, जस्ता आर्थिक कारण नेपाली भाषा बुझ्न कठीन भएर विद्यालय छोड्नु, निरक्षर अभिभावक, कृषि मुख्य पेशा, ठूलो आकारको परिवार जस्ता कारणले बालबालिकाहरूले विद्यालयको प्राथमिक तह अध्ययन गर्न छोड्ने गरेको पाइयो ।

सराकारले लक्षित वर्गसम्म कुनै पनि कार्यक्रम प्रभावकारी रुपमा गर्न सकेको छैन शिक्षालाई हेर्ने दृष्टिकोण सरकारत्मक छैन परिवारलाई बालबालिकहरू बिचैमा विद्यालयमा छोड्न बाध्य छन् ।

### ५.२ सुझावहरू (Recommendation)

प्राथमिक तलमा बालबालिकाले बिचमा विद्यालय छोड्ने कारण र परिवारको आर्थिक अवस्था अध्ययन गरे पश्चात प्र.अ. शिक्षक, अभिभावक, र विद्यार्थीहरूबाट प्राप्त प्रतिकृया, प्राप्ति र निष्कर्षलाइ आधार मान्दा यो समस्यालाई कम गर्न निम्न सुझावहरूलाई प्रस्तुत गरिएको छ ।

### ५.२.१ निति सम्बन्धी सुझावहरु (Policy Related Recommendation)

१) समाजमा लैगिङ्ग विभेदलाई निरुत्साहित गर्नुपर्दछ ।

२) मातृभाषामा पढ्ने वातावरण मिलाउनु पर्दछ ।

३) कमजोर विद्यार्थीको लागि निःशूल्क रुपमा अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्छ ।

४) बालकेन्द्रित शिक्षण विधिमा जोड दिनुपर्छ ।

५) समय अनुसार पाठ्यक्रमलाई परिमार्जित र विकास गर्दै लैजानु पर्छ ।

६) प्राथमिक शिक्षालाई अनिवार्य गरिनुपर्छ ।

७) प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकालाई पून : विद्यालयको पहुँच भित्र ल्याउन विभिन्न प्रकारका कार्यक्रम (जस्तै : निःशूल्क पोषाक वितरण, कापी कलमको व्यवस्था, खाजाको व्यवस्था, निःशूल्क भर्ना, संचालन गर्नुपर्छ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendation)

१) विभिन्न जनचेतनामूलक कार्यक्रमहरू समय समयमा आयोजना गिरी अभिभावकहरूमा शैक्षिक चेतना अभिवृद्धि गर्नुपर्दछ ।

२) अभिभावकहरूलाई बालबालिकाहरूको पढाइलाई निरन्तरता दिन विभिन्न खालका उपयोगी कार्यक्रम मार्फत प्रोत्साहन दिनुपर्छ ।

३) विद्यालयको भौतिक अवस्था सुधार गरी विद्यालय आउने जाने बाटो, पूल निर्माण गरी बालबालिकाको लागि सहज बनाउने ।

४) कमजोर आर्थिक अवस्था भएका बालबालिकाहरू लाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ ।

५) विद्यालयमा शिक्षकले सबै बालबालिकालाई समान व्यवहार देखाउनु पर्छ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Related Recommendation)

१) प्राथमिक तहको वालवालिकाले विचैमा छाड्ने कारण र आर्थिक अवस्था यसमा अनुसन्धान गरिएकोले यस भए विद्यार्थीको विचैमा छाड्ने दर, सामाजिक प्रभाव पत्ता लगाउने आदि गर्न सकिने छ ।

२). प्राथमिकको मात्र नहेरी नि.मा.वि. र मा.वि. तहको पनि कक्षा छाड्ने कारण र छाड्ने दर निकाल्ने अनुसन्धान गर्नै सकिने छ ।

# सन्दर्भ सामग्रीहरू (References)


के.सी. धुवराज (२०५५, *काठमाडौं, जिल्ला सार्वजनिक माध्यामिक तहको शिक्षा परा नगरी विचैमा विद्यालय छाड्नुका कारणहरू एक अध्ययन,* एम्. एड शोधपत्र त्रि.वि कीर्तिपूर

केन्द्रिय तथ्याङ्क, विभाग (२००३), *Statistical Pocked Book of Nepal*, नेपाल सरकार, केन्द्रिय तथ्याङ्क विभाग, रामशाहपथ, काठमाडौं ।

जोशी, राधाकृष्ण, (२०५९) *विकासको निमिति शिक्षा प्राथमिक शिक्षा र आधारभूत आवश्यकता एक विश्लेषण,* त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान, केन्द्र काठमाडौं

शिक्षा नियमावली (२०५९) कानुन किताब व्यवस्था सकिति, काठमाडौं ।

अर्याल, गीता (२०६६), *भक्तपूर जिल्लाको शहरी र ग्रामीण सामुदायिक प्राथमिक विद्यालयहरूमा छात्राहरूले कक्षा छोड्ने दर तथा त्यसका कारणहरको अध्ययन* अप्रकाशित शोधपक्र, अर्थशास्त्र विभाग त्रि.वि. काठमाडौं ।

अन्तरिम योजना (२०६४२०६७), काठमाडौं, राष्ट्रिय योजना आयोग ।

शिक्षा मन्त्रालय (१९९३), *नेपालमा प्राथमिक शिक्षामा कक्षा दोहोऱ्याउने र छाड्ने दर* काठमाडौं, शिक्षा विभाग ।

CERID (1697). *An Inquiry into the causes of primary school in Rular Nepal*. Kathmandu: Central For Education Research Innovation and Development, T.U.

CERID (1983), *Primary Education in Nepal : Progress Towards Unversalization* Kathamandu: Centreal For Educational Reserch Innovation and Development, T.U.

Horbinson, L and P. Myers (1957). *A book M Education, manpower and economic growth Uganda report* .

Horbision, L. and P. Myers (1957). A Book: Education. Manpower and Economic Growth Uganda Reporth

Singh, M.L (1973). *Education wastage in Nepal paper based on survery conducted at Lamjung*, Kathmandu, Bhaktpur and Kavre, Singdharbar, Kathmnadu, National Education Committee .

Singh, M.L. (1973*). Educational Wastage in Nepal. Paper Based on Survey conducted at Kathmandu Bhaktapur and Kavre*. Singhdarbar Kathmandu, National Education Committee.

# प्राथमिक तहका विद्यार्थीहरूले कक्षा छाड्ने कारणहरू

## अनुसूची – १

## अभिभावकका लागि प्रश्नावली

**अभिभावकको नामः**

**शैक्षिक योग्यता :** **पेशाः** **ठेगानाः**

**सबैभन्दा उपयुक्त उत्तरमा ठिक ( √ ) चिन्ह लगाई दिनुहोला र सुझावहरू खाली ठाउमा लेखिदिनु होला ।**

१. तपाईको वालवालिकाहरू मध्ये कसैले अध्ययन अवधिको बीचैमा कक्षा छाडेका छन् वा छैन ?

(क) छन्  (ख) छैन

२. तपाईका छोराछोरी मध्ये अध्ययन अवधिको बीचैमा कक्षा छाडने वालवालिकाको संख्या कति छ ?

(क) १ जना  (ख) २ जना  (ग) ३ जना  (घ) ४ जना वा सो भन्दा माथि

३. तपाईको कक्षा छाड्ने वालवालिकाहरू कुन कक्षामा पढाइ छाडेका छन् ?

(क) १ कक्षा  (ख) २ कक्षा  (ग) ३ कक्षा  (घ) ४ कक्षा र कक्षा ५

४. अध्ययन अवधिको बीचैमा कक्षा छाडेर बसेका बालवालिकाले के गरेर दिन बिताउँछन् ?

(क) खेलेर  (ख) व्यापार गरेर  (ग) घर धन्दा गरेर

(घ) खेतीपाती गरेर

५. तपाईको विचारमा बालवालिकाले अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने कारण के हुन सक्ला ?

(क) गरिबीको कारणले  (ख) शिक्षकले पढाएको नबुझेर

(ग) अभिभावकमा चेतनाको कमीले  (घ) शिक्षकको कुटाइले

६. तपाईका बालबालिकाले बीचैमा कक्षा छाडेका छन ? किन ?

(क) सानैमा विवाह भएर (ख) विरामी भएर

(ग) अनुतीर्ण भएर घ) कुसंगतमा लागेर

७. अध्ययन अबधिको बीचैमा कक्षा छाडेका बालबालिकाहरूलाई विद्यालयमा फर्काउन के गर्नु पर्दछ ?

(क) विद्यालयको पठनपाठनमा सुधार गर्ने (ख) छात्रवृति वितरण नियमित गर्ने

(ग) अभिभावकमा चेतना फैलाउने (घ) भौतिक साधनको व्यवस्थापन गर्ने

८. बालबालिकाहरूले अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने समस्यालाई समाधानको उपायका लागि तपाईबाट कतिको पहल भएको छ ?

(क) पूर्ण रुपमा् (ख) अपूर्ण रुपमा (ग) प्रयास मात्र

(घ) अलिअलि

९. बालबालिकाहरूको अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने समस्याहरूको सामाधान गर्ने उपायहरू के हुन सक्दछ ?

(क)

(ख)

(ग)

(घ)

१०. बालबालिकाहरूले अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने दर घटाउने सम्बन्धमा केही थप सुझावहरू भए उल्लेख गर्नु होला ।

(क)

(ख)

(ग)

(घ)

# प्राथमिक तहका विद्यार्थीहरूले कक्षा छाड्ने कारणहरू

## अनुसूची –२

## वालवालिकाको लागि प्रश्नावली

**वालवालिकाको नामः**

**विद्यालयको नाम :** **छाडेको कक्षाः**

**सबैभन्दा उपयुक्त उत्तरमा ठिक ( √ ) चिन्ह लगाई दिनुहोला र सुझावहरू खाली ठाउामा लेखिदिनु होला ।**

१. तिम्रो घरका कति जनाले अध्ययन अवधिको बीचैमा कक्षा छाडेका छन् ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना र सोभन्दा बढी

२. तिमी कति कक्षामा पढदा बीचैमा कक्षा छाडेको हो ?

(क) कक्षा १ (ख) कक्षा २ (ग) कक्षा ३ (घ) कक्षा ४ (ङ) कक्षा ५

३. तिमीले चिनेको गाउाको साथीहरूमध्ये कसैले कक्षा छाडेको छ ?

(क) छ (ख) छैन

४. साथीहरू विद्यालय पढ्न जाादा तिमी के गरेर दिन बिताउाछौ ?

(क) घरको काम गरेर (ख) घाास काट्ने र गाइ हेरेर

(ग) भाइबहिनी हेरेर (घ) ज्याला मजदुरी गरेर

५. अध्ययन अवधिको बीचैमा कक्षा छड्नुको मुख्य कारण के हो ?

(क) घरको कामले गर्दा (ख) आर्थिक अभावले

(ग) पढाइ नबुझेर (घ) अनुतीर्ण भएकोले

६. तिमीले बीचैमा किन कक्षा छाड्यौं ?

(क) शिक्षकको कुटाइको कारणले (ख) कक्षामा बस्ने ठाउा राम्रो नभएकोले

(ग) पोशाक र कापी कलमको अभावले (घ) कक्षामा अनुतीर्ण भएकोले

७. कक्षा छाड्नु परेकोमा कस्तो अनुभव गर्दछौ ?

(क) दुःखी छु (ख) खुशी छु (ग) अलि दुखी छु

८. तिमीलाई विद्यालयमा पढन पठाउन अभिभावकबाट कतिको पहल भयो ?

(क) पूर्ण रुपमा (ख) अलिअलि

(ग) गर्दै गरेनन् (घ) प्रयास मात्र

९. अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

(क)

(ख)

(ग)

(घ)

१०. बालबालिकाहरूले अध्ययन अवधिको बीचैमा कक्षा छड्ने दर घटाउने सम्बन्धमा तिम्रो केही सुझाव भए लेख ।

(क)

(ख)

(ग)

(घ)

## प्राथमिक तहका विद्यार्थीहरूले कक्षा छाड्ने कारणहरू

## अनुसूची ३

## वि.व्य. स. र शि. अ. सङ्घका अध्यक्षका लागि प्रश्नावली

**अध्यक्षको नाम:**

**विद्यालयको नाम :** **ठेगाना**

**सबैभन्दा उपयुक्त उत्तरमा ठिक ( √ ) चिन्ह लगाई दिनुहोला र सुझावहरू खाली ठाउमा लेखिदिनु होला ।**

१. तपाईले विद्यालयको अनुगमन गर्दा अध्ययन अवधिको बीचमा कक्षा छाड्ने बालबालिकाहरूको स्थिति कस्तो रहेको पाउनु भएको छ ?

(क) ज्यादै कम (ख) ज्यादै धेरै (ग) केही प्रतिशत (घ) छाड्दै छाड्दैनन्

२. अध्ययन अवधिको बीचमा सबैभन्दा बढी विद्यालय छाड्ने कुन कक्षाका बालबालिका छन् ?

(क) कक्षा १ (ख) कक्षा २ (ग) कक्षा ३ (घ) कक्षा ४ (ङ) कक्षा ५

३. अध्ययन अवधिको बीचमा कक्षा छाड्नेमा कसको संख्या बढी छ ?

(क) बालकको (ख) बालिकाको (ग) बराबरी (घ) कसैको छैन

४. तपाईले विद्यालय अनुगमन गर्न जाादा शिक्षकको व्यवहार विद्यार्थीसाग कस्तो पाउनु भयो ?

(क) राम्रो (ख) नराम्रो (ग) ठीकठीकै (घ) थाहा छैन

५. तपाईको विचारमा बालबालिकाले अध्ययन अवधिको बीचैमा कक्षा छाड्नु पर्ने कारण के होला ?

(क) आर्थिक आभावको कारण (ख) सामाजिक कारण

(ग) चेतनाको कमीको कारण (घ) शिक्षकको व्यवहारको कारण

६. अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने बालबालिकाले पुनः विद्यालय जान किन चाहि राखेका छैनन् ।

(क) शिक्षकको कुटाइको डरले (ख) विद्यालय जाने बाटो नराम्रो भएर

(ग) विद्यालयको भौतिक व्यवस्थापन राम्रो नभएकोले (घ) पढाइ नबुझ्ने गरेकोले

७. अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने बालबालिकालाई रोक्न के गर्नु पर्दछ ?

(क) व्यवसायिक एवं प्राविधिक शिक्षामा जोड दिनु पर्छ ।

(ख) शिक्षाले जनचाहना पूरा गर्नु पर्दछ ।

(ग) शिक्षा नीतिलाई परिवर्तन गर्नु पर्दछ । (घ) छात्रवृति वितरण नियमित गर्नु पर्दछ ।

८. अध्ययन अवधिको बीचैमा कक्षा छाडेका बालबालिकाहरूलाई विद्यालय फर्काउन के गर्नु पर्दछ ?

(क) अभिभावकले विद्यार्थीलाई सम्झाउने (ख) विद्यालयको वातावरणमा सुधार ल्याउने

(ग) विद्यार्थीलाई छात्रवृतिको व्यवस्था गर्ने (घ) शिक्षकलाई तालिम दिने

९. बालबालिकाहरूको अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने समस्याको समाधान गर्न के के गर्नु पर्छ ?

(क)

(ख)

(ग)

.(घ)

१०. विद्यालयमा बालबालिकाको सहभागिता बढाउन र अध्ययन अवधिको बीचैमा कक्षा छाड्ने प्रवृतिकको दरलाई घटाउने सम्बन्धमा केही थप सुझाव भए उल्लेख गर्नु होला।

(क)

(ख)

(ग)

.(घ)

# प्राथमिक तहका विद्यार्थीहरूले कक्षा छाड्ने कारणहरू

## अनुसूची ४

## प्र. अ. तथा शिक्षकको लागि प्रश्नावली

**प्र.अ. तथा शिक्षकको नामः**

**विद्यालयको नाम :** **ठेगाना**

**सबैभन्दा उपयुक्त उत्तरमा ठिक ( √ ) चिन्ह लगाई दिनुहोला र सुझावहरू खाली ठाउमा लेखिदिनु होला ।**

१. तपाईको आज सम्मको शिक्षण अनुभवमा तपाईका आफ्ना विद्यार्थीहरूको अध्ययन अवधिका बीचैमा कक्षा छाड्ने स्थिति कस्तो रहेको पाउनुभएको छ ?

(क) ज्यादै कम (ख) ज्यादै धेरै (ग) केही प्रतिशत (घ) कक्षा छाड्दै छाड्दैनन्

२. अध्ययन अवधिको बीचमा सबै भन्दा बढी विद्यालय छाड्ने कुन कक्षाका बालबालिका छन् ?

(क) कक्षा १ (ख) कक्षा २ (ग) कक्षा ३ (घ) कक्षा ४

(ङ) कक्षा ५

३. कक्षा छाडेका बालबालिकाले के गरेर दिन बिताउाछ ?

(क) खेलेर (ख) ब्यपार गरेर (ग) घरधन्दा गरेर (घ) खेतीपाती गरेर

४. तपाईको विचारमा बालबालिकाले अध्ययन अवधिको बीचैमा कक्षा छाडनु पर्ने कारण के होला ?

(क) आर्थिक कारण (ख) सामाजिक कारणले

(ग) विद्यालयको भौतिक पूर्वाधारको कमीले (घ) चेतनाको कमीले

५. प्रभावकारी शिक्षणको लागि शिक्षकको अभिभारा कस्तो ठान्नु भएको छ ?

(क) विद्यार्थीहरूको कठिनाइ थाहा पाउनु (ख) विद्यार्थीहरूको चाहनालाई बुझ्नु

(ग) विद्यार्थीहरूलाई कठिन लाग्ने पाठमा विशेष ध्यान दिनु

(घ) आफ्नो कोर्ष पूरा गर्नु

६. कक्षा छाडेर बसेका बालबालिकाहरू पुनः अध्ययन गर्न किन चाहदैनन् ?

(क) अनुतीर्ण भएकोले लाज लागेर (ख) आर्थिक अभावले

(ग) भौगोलिक विकटताले (घ) विद्यालयको वातावरणको कारण

७. बालबालिकाहरूले अध्ययन अवधिको बीचै कक्षा छाडने समस्यालाई अभिभावक, वि.व्य.स. शिक्षाप्रेमी, शिक्षकवर्ग एवं अन्य सम्बन्धित निकायबाट समस्याको समाधानको उपायलाई लिएर छलफल तथा गोष्ठी हुने गरेका छन् ?

(क) हुने गरेका छन् (ख) हुने गरेका छैनन्

(ग) कहिले काahi हुने गरेको छ (घ) थाहा छैन

८. अध्ययन अवधिको बीचमा कक्षा छाड्ने प्रवृतिलाई रोक्न के कस्तो उपाय अवलम्बन गर्नु पर्ला ?

(क) चेतना फैलाएर (ख) लक्षित समूहलाई छात्रबृत्ति प्रदान गरेर

(ग) विद्यालयको भौतिक पक्ष सुधार गरेर (घ) बाटोघाटोको राम्रो व्यवस्था गरेर

९. अध्ययन अवधिको बीचैमा कक्षा छाडेका बालबालिकाहरूलाई विद्यालय फर्काउन के गर्नु हुन्छ ?

(क)

(ख)

(ग)

(घ)

१०. बालबालिकाहरूले अध्ययन अवधिको बचिमा कक्षा छाड्ने प्रवृतिलाई न्युनिकरण गर्ने केही थप सुझावहरू भए उल्लेख गर्नु होला ?

(क)

(ख)

(ग)

(घ)